# सरकारी ऋणपत्र, मौद्रिक उपकरण
# तथा
# अनलाइन बोलकबोल सम्बन्धी
# संक्षिप्त जानकारी



**नेपाल राष्ट्र बैंक**

**राष्ट्रऋण व्यवस्थापन विभाग**

**असार २०७३**

# सरकारी ऋणपत्र, मौद्रिक उपकरण
# तथा
# अनलाइन बोलकबोलसम्बन्धी
# संक्षिप्त जानकारी


## नेपाल राष्ट्र बैंक

### राष्ट्रऋण व्यवस्थापन विभाग

असार २०७३

# प्राक्कथन

नेपाल राष्ट्र बैंक, राष्ट्रऋण व्यवस्थापन विभागले नेपाल सरकारको तर्फबाट आन्तरिक ऋण उठाउने र सोको साँवा तथा ब्याजको भुक्तानी दिने कार्य गरिआएको छ । आन्तरिक ऋण व्यवस्थापनको कार्यलाई व्यवस्थित तुल्याउन नेपाल सरकारको बजेट वक्तव्यमा उल्लेख भएबमोजिमको आन्तरिक ऋण उठाउनको लागि वार्षिक निष्काशन तालिका (Issue Calendar) तथा बोलकबोल तालिका (Auction Calendar) प्रकाशन गर्ने गरिएको छ ।

त्यसैगरी, मौद्रिक अधिकारीको रूपमा रहेको नेपाल राष्ट्र बैंकद्वारा जारी गरिने मौद्रिक नीति कार्यान्वयन गर्ने कार्यअन्तर्गत विभिन्न मौद्रिक उपकरणहरू प्रयोग गरी बैंकिङ क्षेत्रको तरलता व्यवस्थापन गर्ने कार्य समेत यसै विभागबाट हुने गरेको छ । तरलता व्यवस्थापनको प्रभावकारितामा अभिवृद्धि गर्न पछिल्लो समयमा नयाँ उपकरणहरू समेत प्रयोगमा ल्याइएको छ ।

राष्ट्रऋण व्यवस्थापन विभागद्वारा सम्पादन गरिने उपरोक्तबमोजिमको राष्ट्रऋण व्यवस्थापनसम्बन्धी कार्य तथा मौद्रिक कारोबारलाई छिटो-छरितो रूपमा सञ्चालन गर्ने तथा कारोबार प्रक्रियालाई प्रयोगकर्तामैत्री बनाउने उद्देश्यले २०७२ असारदेखि अनलाइन बोलकबोल प्रणाली (Online bidding system) शुरू गरिएको छ । आगामी दिनमा ऋणपत्रको अभौतिकीकरण गर्ने कार्यलाई अघि बढाइने छ ।

सरोकारवालाहरूलाई विभिन्न सरकारी ऋणपत्र तथा मौद्रिक उपकरणहरूका प्रकार, विशेषता, खरिद-बिक्री गर्दा अपनाउनुपर्ने विधि तथा तोकिएका सरकारी ऋणपत्र तथा मौद्रिक उपकरणको लागि अनलाइनमार्फत् बोलकबोल गर्ने विधिसम्बन्धी संक्षिप्त जानकारी दिने उद्देश्यले यो पुस्तिका तयार गरिएको छ । यो पुस्तिका तयार गर्न महत्त्वपूर्ण योगदान गर्नुहुने यस विभागका निर्देशक श्री सीता घिमिरे, उप-निर्देशक श्री कुलबहादुर के.सी. तथा सहायक निर्देशक श्री पुष्कर रिजाललाई म धन्यवाद दिन चाहन्छु । त्यसैगरी, यस पुस्तिकाको कम्प्युटर टाइप सेटिङ गर्नुहुने सहायक निर्देशक (क) श्री बिबिशेन महर्जन पनि धन्यवादको पात्र हुनुहुन्छ । पाठकवर्गबाट प्राप्त हुने सुझावहरूलाई समावेश गरी आगामी दिनमा यस पुस्तिकालाई अझ परिमार्जित रूपमा प्रकाशित गरिने छ ।

**डा. मीनबहादुर श्रेष्ठ**
*कार्यकारी निर्देशक*
राष्ट्रऋण व्यवस्थापन विभाग

*असार २०७३*

# विषय सूची


पृष्ठ

**राष्ट्रऋण व्यवस्थापन विभागको परिचय** ........ १

**खण्ड (क)**

**आन्तरिक ऋण व्यवस्थापन (Internal Debt Management)** ........ ३

**सरकारी ऋणपत्रहरू**

- ट्रेजरी बिल ........ ५
- विकास ऋणपत्र ........ ९
- राष्ट्रिय बचतपत्र ........ १४
- नागरिक बचतपत्र ........ १८
- वैदेशिक रोजगार बचतपत्र ........ २१
- बजार निर्माता ........ २५
- बिक्री एजेण्ट ........ २९
- सरकारी ऋणपत्रहरूको विवरण सारांश ........ ३१

**खण्ड (ख)**

**मौद्रिक व्यवस्थापन (Monetary Management)** ........ ३२

**मौद्रिक व्यवस्थापनका उपकरणहरू**

- रिपो ........ ३४
- रिभर्स रिपो ........ ३६
- सोझै बिक्री ........ ३८
- सोझै खरिद ........ ४०
- निक्षेप संकलन ........ ४२
- नेपाल राष्ट्र बैंक ऋणपत्र ........ ४४
- मौद्रिक व्यवस्थापनका उपकरणहरूको विवरण सारांश ........ ४६

**खण्ड (ग)**

**अनलाइन बोलकबोल प्रणाली (Online Bidding System)** ........ ४७

**अनुसूचीहरू**

अनुसूची - १ : आ.व. २०७२/७३ को लागि बजार निर्माताहरूको सूची ........ ५२

अनुसूची - २ : आ.व. २०७२/७३ को लागि बिक्री एजेण्टहरूको सूची ........ ५४

# राष्ट्रऋण व्यवस्थापन विभागको परिचय

नेपाल सरकारको आन्तरिक ऋण व्यवस्थापन गर्ने उद्देश्यले नेपाल राष्ट्र बैंकमा राष्ट्रऋण व्यवस्थापन विभागको स्थापना भएको हो । यो विभाग नेपाल राष्ट्र बैंकको काठमाडौंस्थित थापाथली परिसरमा रहेको छ ।

यस विभागमा हाल निम्नानुसारका चारवटा फाँट रहेका छन् ।

(१) ट्रेजरी, नीति योजना तथा आन्तरिक प्रशासन फाँट

(२) निष्कासन तथा व्यवस्थापन फाँट

(३) मौद्रिक व्यवस्थापन फाँट

(४) लेखा तथा शोधभर्ना फाँट

उपरोक्त फाँटहरूमार्फत् यस विभागले प्रमुख रूपमा देहायबमोजिमका कार्यहरू गर्दै आएको छ ।

(क) नेपाल सरकारको तर्फबाट सरकारी ऋणपत्रहरू निष्कासन गरी आन्तरिक ऋण उठाउने र सोको साँवा तथा ब्याज भुक्तानीको व्यवस्थापन गर्ने ।

(ख) खुला बजार कारोबारका उपकरणहरूको प्रयोग गरी बैंकिङ प्रणालीमा रहेको अधिक/न्यून तरलता व्यवस्थापन गर्ने ।

(ग) अल्पकालीन तरलता समस्या समाधानका लागि ट्रेजरी बिल तथा विकास ऋणपत्रको धितोमा मागकर्ता बैंक तथा वित्तीय संस्थालाई स्थायी तरलता सुविधा प्रदान गर्ने ।

## समिति

यस विभागमा आन्तरिक ऋण व्यवस्थापन र तरलता व्यवस्थापनको लागि डेपुटी गभर्नरले अध्यक्षता गर्ने निम्नअनुसारका दुई छुट्टाछुट्टै समितिहरू रहेका छन् ।

### खुला बजार सञ्चालन समिति

आन्तरिक ऋण व्यवस्थापन कार्यको लागि गठित यस समितिले सरकारी ऋणपत्रहरूको बोलकबोल, निष्कासन तथा व्यवस्थापनसम्बन्धी निर्णय गर्ने गर्दछ । ती निर्णयहरू राष्ट्र ऋण ऐन, २०५९; राष्ट्र ऋण नियमावली, २०५९ (दोस्रो संसोधन २०६७ सहित), ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली, २०६१ का साथै सोसँग सम्बन्धित

विभिन्न स्वीकृत कार्यविधिहरू अनुरूप हुने गर्दछन् । यस समितिको संरचना निम्नानुसार रहेको छ ।

| | | |
|---|---|---|
| १. बैंकको डेपुटी गभर्नर (राष्ट्रऋण व्यवस्थापन विभाग हेर्ने) | - | अध्यक्ष |
| २. अर्थ मन्त्रालयको प्रतिनिधि (राजपंत्राकित प्रथम श्रेणी) | - | सदस्य |
| ३. बैंकको राष्ट्रऋण व्यवस्थापन विभागको विभागीय प्रमुख | - | सदस्य |
| ४. बैंकको अनुसन्धान विभागको विभागीय प्रमुख | - | सदस्य |
| ५. बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागको विभागीय प्रमुख | - | सदस्य |
| ६. बैंकको बैकिङ कार्यालयको विभागीय प्रमुख | - | सदस्य |
| ७. बैंकको राष्ट्रऋण व्यवस्थापन विभागको निर्देशक (ट्रेजरी हेर्ने) | - | सदस्य-सचिव |

## खुला बजार कारोबार सञ्चालन समिति

यस समितिले नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१ का साथै सम्बन्धित स्वीकृत कार्यविधिहरू अनुरूप तरलता व्यवस्थापनमा प्रयोग हुने उपकरणहरूको बोलकबोल, निष्कासन तथा व्यवस्थापनसम्बन्धी निर्णय गर्ने गर्दछ । यस समितिको संरचना निम्नानुसार रहेको छ ।

| | | |
|---|---|---|
| १. बैंकको डेपुटी गभर्नर (राष्ट्रऋण व्यवस्थापन विभाग हेर्ने) | - | अध्यक्ष |
| २. अर्थ मन्त्रालयको प्रतिनिधि (राजपंत्राकित प्रथम श्रेणी) | - | सदस्य |
| ३. बैंकको राष्ट्रऋण व्यवस्थापन विभागको विभागीय प्रमुख | - | सदस्य |
| ४. बैंकको अनुसन्धान विभागको विभागीय प्रमुख | - | सदस्य |
| ५. बैंकको राष्टऋण व्यवस्थापन विभागको निर्देशक (ट्रेजरी हेर्ने) | - | सदस्य-सचिव |

## खण्ड – (क)

# आन्तरिक ऋण व्यवस्थापन

## (Internal Debt Management)

नेपाल राष्ट्र बैंक ऐन, २०५८ तथा राष्ट्रऋण ऐन, २०५९ मा भएको व्यवस्थाअनुसार नेपाल सरकारको तर्फबाट आन्तरिक ऋण उठाउने कार्य नेपाल राष्ट्र बैंकले गर्दछ । प्रत्येक वर्ष नेपाल सरकारको वार्षिक बजेटमा उल्लेख भए बराबरको आन्तरिक ऋण उठाउन नेपाल सरकार, अर्थ मन्त्रालयबाट नेपाल राष्ट्र बैंकलाई अनुरोध गरी पत्र लेखिन्छ । उक्त पत्र प्राप्त भएपछि राष्ट्रऋण व्यवस्थापन विभागमा रहेको खुला बजार सञ्चालन समितिले कुन-कुन त्रयमासमा कुन-कुन ऋणपत्रमार्फत् कति-कति रकम उठाउने भन्ने उल्लेख भएको वार्षिक आन्तरिक ऋण निष्कासन तालिका (Issue Calendar) तयार गर्दछ । उक्त तालिकाको आधारमा तोकिएअनुसारका ऋणपत्रहरू कुन-कुन मितिमा बोलकबोल वा निष्कासन गर्ने भनी किटान गरिएको बोलकबोल तालिका (Auction Calendar) तयार गरिन्छ । उक्त दुबै तालिकाहरू खुला बजार सञ्चालन समितिको सिफारिसमा नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुन्छ ।

आन्तरिक ऋणको व्यवस्थापनअन्तर्गत देहायबमोजिमका कार्यहरू पर्दछन् :

(क) सरकारी ऋणपत्रहरूको निष्कासन गर्ने, बोलकबोल गराउने, रकम प्राप्त गर्ने

(ख) प्राप्त रकम नेपाल सरकारको आन्तरिक ऋण खातामा जम्मा गर्ने

(ग) भुक्तानी मितिमा साँवा तथा ब्याज रकम नेपाल सरकारसँग माग गरी ऋणपत्र धनीहरूलाई भुक्तानी गर्ने

(घ) बैंक तथा वित्तीय संस्थाहरूबाट भुक्तानी भएको ऋणपत्रको साँवा तथा ब्याज रकम शोधभर्ना प्रदान गर्ने

(ङ) निष्कासन भएका ऋणपत्रहरूको अभिलेख राख्ने

(च) ऋणपत्रको प्रमाणपत्र तयार गरी वितरण गर्ने, आवश्यकतानुसार नामसारी (ऋणपत्र धनीको नाम परिवर्तन), एकीकरण, खण्डीकरण गर्ने

(छ) ऋणपत्रहरूको दोस्रो बजार कारोबारको व्यवस्थापन गर्ने ।

सरकारी ऋणपत्रहरूसम्बन्धी सम्पूर्ण दायित्व नेपाल सरकारको हुने गर्दछ भने नेपाल सरकारको आन्तरिक ऋण व्यवस्थापनको जिम्मेवारी नेपाल राष्ट्र बैंक, राष्ट्रऋण व्यवस्थापन विभागले बहन गर्ने गर्दछ ।

आन्तरिक ऋण उठाउने प्रयोजनार्थ नेपाल सरकारको तर्फबाट नेपाल राष्ट्र बैंकले हाल निष्कासन गर्दै आएका सरकारी ऋणपत्रहरू देहायबमोजिम रहेका छन् ।

(१) ट्रेजरी बिल

(२) विकास ऋणपत्र

(३) राष्ट्रिय बचतपत्र

(४) नागरिक बचतपत्र

(५) वैदेशिक रोजगार बचतपत्र

# ट्रेजरी बिल
## (Treasury Bill)

### परिचय

ट्रेजरी बिल एक वर्ष वा एक वर्षभन्दा कम अवधिको आन्तरिक ऋण उठाउन प्रयोग गरिने अल्पकालीन सरकारी ऋणपत्र हो । ट्रेजरी बिल २८ दिने, ९१ दिने, १८२ दिने र ३६४ दिने गरी ४ अवधिको निष्कासन गर्ने गरिएको छ । हाल २८ दिने ट्रेजरी बिल प्रयोगमा रहेको छैन । यी विभिन्न अवधिका ट्रेजरी बिलहरू आवश्यकतानुसार निष्कासन गरिन्छन् ।

### उद्देश्य

सरकारलाई आवश्यक पर्ने अल्पकालीन अवधिको (बढीमा एक वर्ष) स्रोत जुटाउनु यो बिलको उद्देश्य रहेको छ ।

### निष्कासन र बोलकबोलमा प्रयोग गरिने विधि

ट्रेजरी बिल बोलकबोलको माध्यमबाट निष्कासन हुने गर्दछ । बोलकबोलमा बहु-बोलमूल्य विधि[१] (American Auction System) प्रयोग गरिन्छ ।

### बोलकबोल

ट्रेजरी बिलको बोलकबोल मूल्य[२] मा गर्नु पर्दछ । एकै व्यक्ति वा संस्थाले अलग-अलग वा बहु-मूल्य[३] मा पनि बोल गर्न सकिने व्यवस्था छ ।

### बोलकबोलको माध्यम

ट्रेजरी बिलको बोलकबोल Online Bidding System को माध्यमबाट गर्नु पर्दछ ।

### डिस्काउण्ट दर

ट्रेजरी बिलमा ब्याजदरको सट्टा डिस्काउण्ट दर[४] लागू गरिन्छ । डिस्काउण्ट दर बोलकबोलको माध्यमबाट निर्धारण हुन्छ ।

---

१ बोलकर्ताले बोल गरेको मूल्यमा ट्रेजरी बिल उपलब्ध गराउने विधि ।
२ भुक्तानी मितिमा रू.१०० लिनेको लागि बोल गर्ने दिनमा यति रूपैयाँ दिन्छु भनि कबोल गरेको रकम ।
३ एकै व्यक्ति वा संस्थाले अलग-अलग वा एक भन्दा बढी पटक बोल गर्ने रकम ।
४ बोलकर्ताले बोल गरेको मूल्यबाट ३६४ दिनको आधारमा निर्धारण हुने ब्याजदर ।

## बोलकबोलमा सहभागिता

नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्था, गैर-बैंक वित्तीय संस्था, सँगठित संस्थाका साथै सर्वसाधारण नेपाल नागरिक ट्रेजरी बिलको बोलकबोलमा सहभागी हुन सक्दछन् ।

## प्रतिस्पर्धी[५] र अप्रतिस्पर्धी[६] सम्बन्धी व्यवस्था

ट्रेजरी बिलको बोल आह्वान गर्दा आह्वान रकमको कम्तिमा १५ प्रतिशत रकम अप्रतिस्पर्धीको लागि छुट्याइएको हुन्छ । ट्रेजरी बिलको बोलकबोलमा “क”,“ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाले अप्रतिस्पर्धीको रूपमा भाग लिन पाइदैन । अप्रतिस्पर्धीको रूपमा बोल गर्दा माग रकममात्र उल्लेख गर्नु पर्दछ, मूल्य उल्लेख गर्नु पर्दैन । प्रतिस्पर्धी बोलकबोलबाट निर्धारित भारित औसत मूल्यमा अप्रतिस्पर्धी बोलवालालाई ट्रेजरी बिल उपलब्ध गराइन्छ । एउटै बोलकबोलमा प्रतिस्पर्धी र अप्रतिस्पर्धी दुवैतर्फबाट बोल गर्न भने पाइदैन ।

## अर्नेष्ट मनी[७]

ट्रेजरी बिलको बोल गर्दा बोल रकमको २.५० प्रतिशत रकम अर्नेष्ट मनी वापत व्यवस्था गर्नु पर्दछ । नेपाल राष्ट्र बैंकमा खाता नहुने बोलवालाले अर्नेष्ट मनी वापतको रकम तोकिएको समयभित्र ट्रेजरी बिल आवेदन खातामा[८] जम्मा गरी भौचर यस विभागमा पेश गर्नु पर्दछ र बोलकबोलमा सफल भए पश्चात् बुझाउनु पर्ने बाँकी रकम पनि सोही खातामा जम्मा गरी तोकिएको समयभित्र राष्ट्रऋण व्यवस्थापन विभागमा भौचर पेश गर्नु पर्दछ । नेपाल राष्ट्र बैंकमा खाता हुने बोलकर्ताले अर्नेष्ट मनी वापतको रकम आफ्नो यस बैंकमा रहेको खातामा मौज्दात कायम गर्नु पर्दछ । बोलकबोलमा असफल यस बैंकमा खाता नहुने बोलवालाको अर्नेष्ट मनी वापत जम्मा भएको रकम नगद वा ट्रान्सफर मार्फत फिर्ता गरिन्छ ।

---

५ सरकारी ऋणपत्रको बोलकबोलमा मूल्य वा ब्याजदर कोट (Quote) गरी प्रतिस्पर्धात्मक रूपमा बोल गर्ने बोलकर्ता ।

६ सरकारी ऋणपत्रको बोलकबोलमा मूल्य वा ब्याजदर कोट (Quote) नगरी माग रकम मात्र उल्लेख गर्ने बोलकर्ता ।

७ बोलकर्ताले धरौटी स्वरूप अग्रीम जम्मा गर्नुपर्ने रकम ।

८ १२०००००/०१५-११०-५२४ ।

## बोल रकम[९]

ट्रेजरी बिलको बोलकबोलमा न्यूनतम ५० हजार रूपैंया र बढीमा कुल आह्वान रकमको सीमामा नबढाई ५० हजार रूपैंयाले भाग गर्दा नि:शेष भाग जाने अंकमा बोल गर्न सकिन्छ ।

## बोलकबोल, निष्कासन र परिणाम

ट्रेजरी बिलको बोलकबोल प्रत्येक हप्ताको सोमबार हुने गर्दछ भने निष्कासन सोको भोलिपल्ट अर्थात मंगलबार गर्ने गरिन्छ । बोलकबोलको परिणामको जानकारी पनि मंगलबार नै दिने गरिन्छ ।

## सूचना

ट्रेजरी बिल बोलकबोलको सूचना नेपाल राष्ट्र बैंकको वेबसाइट (www.nrb.org.np) का साथै Online Bidding System (http:\\ obss.nrb.org.np/pd) मार्फत प्रकाशित गरिन्छ ।

## बाँडफाँट

बोलकबोलमा सबैभन्दा बढी मूल्य उल्लेख गर्ने संस्थालाई पहिलो प्राथमिकतामा राखी क्रमैसँग आह्वान रकमसम्म ट्रेजरी बिलको बाँडफाँट गरिन्छ ।

## हिसाब मिलान

बोलकबोल भएको भोलिपल्ट निष्कासन मितिका दिन सफल बोलवाला मध्ये नेपाल राष्ट्र बैंकमा खाता हुनेको यस बैंकमा रहेको खाता र खाता नहुनेको हकमा ट्रेजरी बिल आवेदन खाता खर्च गरी हिसाब मिलान गर्ने गरिन्छ ।

## प्रमाणपत्र

बोलकबोलमा सफल बोलवालालाई प्रमाणको रूपमा विवरणसहितको प्रमाणपत्र (Advice) उपलब्ध गराइन्छ ।

## भुक्तानी

ट्रेजरी बिलको निष्कासनमा डिस्काउण्ट रकम कटाएर बाँकी रकम मात्र जम्मा गरिन्छ भने तोकिएको मितिमा पूरा रकम (Advice मा अंकित मूल्य) भुक्तानी गरिन्छ ।

---

९ व्यक्ति वा संस्थाले बोल गर्न चाहेको वा माग गरेको रकम ।

## प्रयोग

भुक्तानी मिति अगावै ट्रेजरी बिलको प्रमाणपत्र (Advice) रिपो, सोझै खरिद, वैधानिक तरलता अनुपात, स्थायी तरलता सुविधा तथा अन्तरबैंक कारोबारमा प्रयोग गर्न सकिन्छ । व्यक्तिको हकमा ट्रेजरी बिलको प्रमाणपत्र धितो राखी यस बैंकबाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन सकिन्छ ।

## दोस्रो बजार कारोबार

ट्रेजरी बिललाई प्रमिशरी नोटसरह खरिदकर्ता र बिक्रीकर्ता मिली एक-आपसमा दरपीठ गरी खरिद-बिक्री गर्न सकिन्छ । तर त्यस्तो कारोबारको जानकारी राष्ट्रऋण व्यवस्थापन विभागलाई दिनु पर्दछ ।

## आयकर सम्बन्धी व्यवस्था

ट्रेजरी बिलमा गरिएको लगानीबाट आर्जित आम्दानीमा आयकर लाग्ने व्यवस्था छ ।

***

# विकास ऋणपत्र

## (Development Bond)

### परिचय

विकास ऋणपत्र दुई वर्षभन्दा माथि अर्थात् मध्यम तथा दीर्घकालीन अवधिको आन्तरिक ऋण उठाउन प्रयोग गरिने सरकारी ऋणपत्र हो । हाल विभागबाट निष्कासन भएका विकास ऋणपत्र ५, ७, ८, ९, १०, ११, १२, १३ र १५ वर्षे अवधिका रहेका छन् । नेपाल सरकारको आवश्यकतानुसार यो ऋणपत्रको अवधि निर्धारण गरिन्छ ।

### उद्देश्य

सरकारलाई देशको आर्थिक विकासको लागि आवश्यक मध्यम तथा दीर्घकालीन अवधिको स्रोत जुटाउनु यो ऋणपत्रको उद्देश्य रहेको छ ।

### निष्कासन र बोलकबोलमा प्रयोग गरिने विधि

विकास ऋणपत्र बोलकबोलको माध्यमबाट निष्कासन हुने गर्दछ भने बोलकबोलमा एकल ब्याजदर[१०] विधि (Dutch Auction System) प्रयोग गरिन्छ ।

### बोलकबोल

विकास ऋणपत्रको बोलकबोल ब्याजदरमा गर्नु पर्दछ । एकै व्यक्ति वा संस्थाले अलग-अलग वा बहु-ब्याजदर[११]मा पनि बोल गर्न सकिन्छ ।

### बोलकबोलको माध्यम

विकास ऋणपत्रका लागि Online Bidding System को माध्यमबाट बोलकबोल गर्नु पर्दछ ।

### ब्याजदर

विकास ऋणपत्रको ब्याजदर बोलकबोलको माध्यमबाट निर्धारण हुन्छ ।

---

१० बोलकर्ताले कबोल गरेको ब्याजदरलाई सानोदेखि ठूलो क्रममा मिलाएर राखी बाँडफाँट हुने रकम सकिने बिन्दुमा कायम हुने ।

११ एकै व्यक्ति वा संस्थाले अलग-अलग वा एकभन्दा बढी पटक बोल गर्ने ब्याजदर ।

## बोलकबोलमा सहभागिता

नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्था, गैर-बैंक वित्तीय संस्था, सँगठित संस्थाका साथै सर्वसाधारण नेपाल नागरिक विकास ऋणपत्रको बोलकबोलमा सहभागी हुन सक्दछन् ।

## प्रतिस्पर्धी र अप्रतिस्पर्धी सम्बन्धी व्यवस्था

विकास ऋणपत्रको बोल आह्वान गर्दा आह्वान रकमको कम्तीमा १५ प्रतिशत वा खुला बजार सञ्चालन समितिको निर्णयानुसारको रकम अप्रतिस्पर्धीको लागि छुट्याइएको हुन्छ । विकास ऋणपत्रको बोलकबोलमा "क","ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले अप्रतिस्पर्धीको रूपमा भाग लिन पाइँदैन । अप्रतिस्पिर्धीको रूपमा बोल गर्दा माग रकम मात्र उल्लेख गर्नु पर्दछ, ब्याजदर उल्लेख गर्नु पर्दैन । प्रतिस्पर्धी बोलकबोलबाट निर्धारित एकल ब्याजदरमा अप्रतिस्पर्धी बोलवालालाई विकास ऋणपत्र उपलब्ध गराइन्छ । एउटै बोलमा प्रतिस्पर्धी र अप्रतिस्पर्धी दुवैतर्फबाट बोल गर्न भने नपाइने व्यवस्था रहेको छ ।

## अर्नेष्ट मनी

विकास ऋणपत्रको बोल गर्दा बोल रकमको २.५० प्रतिशत रकम अर्नेष्ट मनी वापत व्यवस्था गर्नु पर्दछ । नेपाल राष्ट्र बैंकमा खाता नहुने बोलवालाले अर्नेष्ट मनी वापतको रकम तोकिएको समयभित्र विकास ऋणपत्र आवेदन खातामा जम्मा गरी भौचर यस विभागमा पेश गर्नु पर्दछ र बोलकबोलमा सफल भए पश्चात् बुझाउनु पर्ने बाँकी रकम पनि सोही खातामा जम्मा गरी तोकिएको समयभित्र राष्ट्रऋण व्यवस्थापन विभागमा भौचर पेश गर्नु पर्दछ । नेपाल राष्ट्र बैंकमा खाता हुने बोलकर्ताले अर्नेष्ट मनी वापतको रकम आफ्नो नेपाल राष्ट्र बैंकमा रहेको खातामा मौज्दात कायम गर्नुपर्दछ । बोलकबोलमा असफल यस बैंकमा खाता नहुने बोलवालाको अर्नेष्ट मनी वापत जम्मा भएको रकम नगद वा ट्रान्सफर मार्फत फिर्ता गरिन्छ ।

## बोल रकम

विकास ऋणपत्रको बोलकबोलमा न्यूनतम ५० हजार रूपैंया र बढीमा कुल आह्वान रकमको सीमामा नबढाई ५० हजार रूपैंयाले भाग गर्दा नि:शेष भाग जाने अंकमा बोल गर्न सकिन्छ ।

## बोलकबोल, निष्कासन र परिणाम

विकास ऋणपत्रको बोलकबोल नेपाल सरकारबाट स्वीकृत बोलकबोल तालिका अनुसार वा खुला बजार सञ्चालन समितिले तोके बमोजिमको मितिमा हुने गर्दछ भने निष्कासन बोलकबोल भएको भोलिपल्ट हुने गर्दछ । बोलकबोलको भोलिपल्ट सोको परिणामको बारेमा जानकारी गराइन्छ ।

## सूचना

विकास ऋणपत्र निष्कासनको सूचना नेपाल राष्ट्र बैंकको वेबसाइट (www.nrb.org.np) मा र Online Bidding System (http:\\obss. nrb.org.np/pd) मा प्रकाशित गरिन्छ ।

## बाँडफाँट

बोलवालाले कबोल गरेको ब्याजदरलाई सानोदेखि ठूलो क्रममा मिलाएर राखी आह्वान रकमसम्म वा खुला बजार कारोबार सञ्चालन समितिले निर्धारण गरे बमोजिम बाँडफाँट हुने रकमसम्मको विन्दुमा कायम हुने ब्याजदरलाई एकल ब्याजदर वा कुपन दर (Coupon Rate) कायम गरिन्छ । सोही एकल ब्याजदरमा सो दर र सो दर भन्दा मुनिका सबै बोलवालालाई उक्त ऋणपत्र बाँडफाँट गरिन्छ ।

## हिसाब मिलान

बोलकबोल भएको भोलिपल्ट निष्कासन मितिका दिन सफल बोलवाला मध्ये नेपाल राष्ट्र बैंकमा खाता हुनेको यस बैंकमा रहेको खाता र खाता नहुनेको विकास ऋणपत्र आवेदन खाता[१२] खर्च गरी हिसाब मिलान गर्ने गरिन्छ ।

## प्रमाणपत्र

विकास ऋणपत्रको बोलकबोलमा सफल बोलवालालाई प्रमाण स्वरूप तोकिएको ढाँचामा प्रमाणपत्र उपलब्ध गराइन्छ ।

## ब्याज तथा साँवा भुक्तानी

विकास ऋणपत्रको ब्याज अर्धवार्षिक रूपमा भुक्तानी गरिन्छ भने तोकिएको मितिमा साँवा भुक्तानी गरिन्छ । ऋणपत्रको ब्याज तथा साँवा वापत प्राप्त हुने रकम यस बैंकमा

---

१२ १२०००००/०१५-११५-५२४ ।

Operative खाता[१३] भएका संस्थाको सिधै सोही खातामा र नहुनेको Non-operative खाता[१४] (ऋणपत्रको साँवा ब्याज भुक्तानी प्रयोजनको लागि यस बैंकमा खोलिएको खाता) मा जम्मा गरिन्छ । यस बैंकमा Operative खाता नहुने संस्था तथा व्यक्तिले ऋणपत्रको ब्याज तथा साँवा रकम जुनसुकै बजार निर्माता वा बैंक तथा वित्तीय संस्थाहरूबाट प्राप्त गर्न सक्दछन् ।

## ब्याज गणना विधि

विकास ऋणपत्रको लागि निर्धारित ब्याजको हिसाब गर्दा ३६० दिन बराबरको एक वर्ष र ३० दिनको एक महिना मानी गणना गर्नु पर्दछ ।

## प्रयोग

यस बैंकबाट इजाजतपत्र प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाले विकास ऋणपत्रको प्रमाणपत्र भुक्तानी मिति अगावै रिपो, वैधानिक तरलता अनुपात, स्थायी तरलता सुविधा, अन्तरबैंक कारोबारमा प्रयोग गर्न सक्दछन् भने अन्य संस्था तथा व्यक्तिले यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन सक्दछन् ।

## फाइदा

विकास ऋणपत्रमा लगानी गर्दा ६/६ महिनामा ब्याज पाइने, चाहेको समयमा बिक्री गर्न सकिने, व्यक्तिले विकास ऋणपत्रको प्रमाणपत्र यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी ऋण लिन पाइने, लगानी रकमको जोखिम नहुने र अप्रत्यक्ष रूपमा देश विकास कार्यमा संलग्न हुन पाइने हुन्छ ।

## कारवाही सम्बन्धी व्यवस्था

विकास ऋणपत्रको बोलकबोलमा सफल बोलवालाले तोकिएको समयभित्र आवश्यक रकमको व्यवस्था गर्न नसकेको अवस्थामा ती बोलवालाको अर्नेष्ट मनी वापतको रकम जफत गरी कालोसूचीमा राखी आगामी बोलकबोलमा सहभागी हुन बन्देज लगाउन सकिने व्यवस्था छ ।

---

१३ रकम जम्मा गर्न तथा जम्मा गरेको रकम झिक्न पाउने गरी चेकबुक जारी भएको नेपाल राष्ट्र बैंकमा रहेको खाता ।

१४ भुक्तानी मितिका दिन सरकारी ऋणपत्रको साँवा तथा ब्याज रकम जम्मा गर्ने प्रयोजनार्थ ऋणपत्र धनीहरूको नाउँमा नेपाल राष्ट्र बैंकमा खोलिएको व्यक्तिगत खाता ।

## दोस्रो बजार कारोबार

विकास ऋणपत्रको दोस्रो बजार कारोबार नेपाल धितोपत्र विनिमय बजार लिमिटेड (NEPSE) मार्फत मात्र हुने व्यवस्था रहेको छ ।

## आयकर सम्बन्धी व्यवस्था

विकास ऋणपत्रमा गरिएको लगानीबाट आर्जित ब्याज आम्दानीमा आयकर लाग्दछ ।

***

# राष्ट्रिय बचतपत्र
## (National Saving Bond)

### परिचय

राष्ट्रिय बचतपत्र मध्यमकालीन अवधिको आन्तरिक ऋण उठाउन प्रयोग गरिने सरकारी ऋणपत्र हो । हाल विभागबाट निष्कासन भएका राष्ट्रिय बचतपत्र ४ र ५ वर्षे अवधिका रहेका छन् । नेपाल सरकारले आवश्यकतानुसार यो ऋणपत्रको अवधि निर्धारण गर्दछ ।

### उद्देश्य

देशको आर्थिक विकासमा सहयोग पुऱ्याउन अर्थतन्त्रमा छरिएर रहेको स-सानो बचत रकम परिचालन गरी सरकारलाई आवश्यक पर्ने वित्तीय साधन जुटाउनु यो बचतपत्रको उद्देश्य रहेको छ ।

### निष्कासन प्रक्रिया

राष्ट्रिय बचतपत्र तोकिएको अवधिभित्र OTC (Over the Counter) प्रक्रियाबाट निष्कासन गरिन्छ ।

### बिक्री खुला, बन्द र निष्कासन मिति

राष्ट्रिय बचतपत्रको बिक्री खुला, बिक्री बन्द र निष्कासन खुला बजार सञ्चालन समितिले तोकिदिएको मितिमा गर्ने गरिन्छ । सो सम्बन्धी जानकारी पत्रपत्रिका तथा वेबसाइटमा प्रकाशित गरिन्छ ।

### अवधि र कुपन (ब्याज) दर

राष्ट्रिय बचतपत्रको अवधि र यसमा पाउने निश्चित ब्याज दर (Coupon Rate) नेपाल सरकारले तोकिदिए बमोजिम हुने गर्दछ ।

### खरिदकर्ता

राष्ट्रिय बचतपत्र सर्वसाधारण नेपाली नागरिकका अलावा समितिले तोके बमोजिमका संस्थाले खरिद गर्न सक्ने व्यवस्था छ ।

## खरिद गर्न सकिने रकम

घटीमा १० हजार रूपैंया र बढीमा कुल आह्वान रकमको सीमामा नबढाई १० हजार रूपैंयाले भाग गर्दा निःशेष भाग जाने अंकमा राष्ट्रिय बचतपत्र खरिद गर्नको लागि आवेदन दिन सकिन्छ ।

## बिक्री प्रवन्धक

प्राथमिक निष्कासनको समयमा व्यक्तिको हकमा देशभरका बजार निर्माता[१५] का साथै उपत्यका बाहिरका नेपाल राष्ट्र बैंकका कार्यालय र संस्थाको हकमा राष्ट्रऋण व्यवस्थापन विभाग बिक्री प्रवन्धक रहने व्यवस्था छ ।

## आवेदन फारम

प्राथमिक निष्कासनका[१६] समयमा आवेदन फारम नेपाल राष्ट्र बैंकको वेबसाईटबाट डाउनलोड गरी वा उपत्यका बाहिरका कार्यालय वा बजार निर्माता मार्फत उपलब्ध हुन्छ ।

## आवेदन फारम र रकम पेश गर्ने स्थान

राष्ट्रिय बचतपत्र खरिद आवेदन फारम र खरिद गर्न चाहेको रकम व्यक्तिले देशभरका बजार निर्माताका साथै नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयमा पेश गर्न सक्दछन् भने संस्थाले खरिद गर्न चाहेको रकम राष्ट्रिय बचतपत्र आवेदन खाता[१७] मा जम्मा गरी सो भौचर सहितको आवेदन फारम राष्ट्रऋण व्यवस्थापन विभाग समक्ष पेश गर्नु पर्दछ ।

## आवेदनसाथ पेश गर्नुपर्ने कागजात

राष्ट्रिय बचतपत्र खरिद गर्नको लागि आवेदन साथ व्यक्तिको हकमा नागरिकताको प्रतिलिपि, नाबालकको नाममा खरिद गर्ने भए नाबालकको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संस्थाको हकमा संस्था दर्ता प्रमाणपत्र लगायत सोसँग सम्बन्धित तोकिए बमोजिमका अन्य कागजात पेश गर्नुपर्दछ ।

---

१५ सरकारी ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार गर्न राष्ट्रऋण व्यवस्थापन विभागबाट इजाजतपत्रप्राप्त संस्था ।

१६ सरकारी ऋणपत्रको सुरू निष्कासनको अवस्था ।

१७ १२००००० ⁄ ०१५-११२-५२४ ।

## बाँडफाँट

आह्वान रकम भन्दा कम वा बराबर आवेदन परेमा माग अनुसार र आह्वान रकम भन्दा बढी रकमको लागि आवेदन प्राप्त हुन आएको अवस्थामा खुला बजार सञ्चालन समितिको निर्णयानुसार बाँडफाँट गरिन्छ ।

## खण्डित अवधिको ब्याज[१८]

आवेदन साथ रकम बुझाएको मिति देखि निष्कासन मिति[१९]भन्दा अघिल्लो दिनसम्मको बचतपत्रको लागि तोकिएको ब्याजदरमा खण्डित अवधिको ब्याज पनि प्रदान गरिन्छ ।

## दोस्रो बजार कारोबार[२०]

व्यक्तिहरूले खरिद गरेको राष्ट्रिय बचतपत्रको दोस्रो बजार कारोबार देश भरका बजार निर्माताका साथै नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरू मार्फत गर्न सकिन्छ भने संस्थाको हकमा बजार निर्माता मार्फत तोकिए बमोजिम हुने व्यवस्था छ ।

## सूचना

राष्ट्रिय बचतपत्र निष्कासनको सूचना नेपाल राष्ट्र बैंकको वेबसाइट (www.nrb.org.np), राष्ट्रिय स्तरका दैनिक पत्रिका तथा अनलाइन पत्रिकाहरूमा प्रकाशित गरिन्छ ।

## प्रमाणपत्र

सफल आवेदनकर्तालाई प्रमाण स्वरूप तोकिएको ढाँचामा प्रमाणपत्र उपलब्ध गराइन्छ । यस्तो प्रमाणपत्र प्रमिशरी नोट[२१] वा स्टक[२२] को रूपमा आवेदन पेश गरेको कार्यालयबाट उपलब्ध गराइन्छ । आवेदन फारममा नै प्रमिशरी नोट लिने कि स्टक लिने हो खुलाउनु पर्दछ । नखुलाइएको अवस्थामा प्रमिशरी नोट नै प्रदान गरिने व्यवस्था छ ।

---

१८ बचतपत्र खरिद गर्न रकम बुझाएको मितिदेखि निष्कासन मितिभन्दा अघिल्लो दिनसम्मको ब्याज ।

१९ निष्कासन गरिएको बचतपत्र वापत संकलन भएको रकम नेपाल सरकारको खातामा जम्मा हुने मिति ।

२० प्राथमिक कारोबार मार्फत निष्कासन भएका ऋणपत्रको भुक्तानी मिति अगावै खरिद/बिक्री हुने कारोबार ।

२१ घरायसी दरपीट गरी खरिद-बिक्री तथा नामसारी गर्न सकिने बचतपत्र । यो शब्दले ट्रेजरी बिल समेतलाई जनाउँदछ । ट्रेजरी बिल बाहेक यो प्रमिशरी नोट बचतपत्र बजार निर्माताका कार्यालय मार्फत पनि खरिद बिक्री गर्न पाइन्छ ।

२२ घरायसी दरपीट गरेर खरिद-बिक्री तथा नामसारी गर्न नमिल्ने बचतपत्र । यस्तो बचतपत्र बिक्री गर्नु परेमा खरिद-बिक्रीकर्ता दुवै राष्ट्रऋण व्यवस्थापन विभाग वा बजार निर्माता समक्ष गई दस्तखत प्रमाणित गराउनु पर्दछ ।

## ब्याज तथा साँवा भुक्तानी

राष्ट्रिय बचतपत्रको ब्याज अर्धवार्षिक रूपमा भुक्तानी गरिन्छ भने तोकिएको मितिमा साँवा भुक्तानी गरिन्छ।

## ब्याज गणना विधि

राष्ट्रिय बचतपत्रको लागि निर्धारित ब्याजको हिसाब गर्दा ३६० दिन बराबरको एक वर्ष र ३० दिनको एक महिना मानी गणना गर्नु पर्दछ।

## आयकर सम्बन्धी व्यवस्था

राष्ट्रिय बचतपत्रमा गरिएको लगानीबाट आर्जित ब्याज आम्दानीमा आयकर लाग्दछ।

## प्रयोग

राष्ट्रिय बचतपत्रको प्रमाणपत्र भुक्तानी मिति अगावै यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिन दिन पाइने व्यवस्था छ।

## फाइदा

राष्ट्रिय बचतपत्रमा लगानी गर्दा ६/६ महिनामा ब्याज पाइने, चाहेको समयमा बिक्री गर्न वा धितो राखी कर्जा लिन सकिने, लगानी रकमको जोखिम नहुने र अप्रत्यक्ष रूपमा देश विकास कार्यमा संलग्न हुन पाइने हुन्छ।

***

# नागरिक बचतपत्र

## (Citizen Saving Bond)

### परिचय

नागरिक बचतपत्र मध्यम तथा दिर्घकालीन अवधिको आन्तरिक ऋण उठाउन प्रयोग गरिने सरकारी ऋणपत्र हो । हाल विभागबाट निष्कासन भएका नागरिक बचतपत्र ५, १० र १२ वर्षे अवधिका रहेका छन् । नेपाल सरकारले आवश्यकतानुसार यो बचतपत्रको अवधि निर्धारण गर्दछ ।

### उद्देश्य

अर्थतन्त्रमा छरिएर रहेको स-सानो बचत रकम परिचालन गर्न सर्वसाधारण नेपाली नागरिकहरूलाई उचित प्रतिफल सहितको सुरक्षित लगानी गर्ने अवसर प्रदान गरी देश विकासको निमित्त वित्तीय साधन जुटाउनु रहेको छ ।

### निष्कासन प्रक्रिया

नागरिक बचतपत्र तोकिएको अवधिभित्र OTC (Over the Counter) प्रक्रियाबाट निष्कासन गरिन्छ ।

### बिक्री खुला, बन्द र निष्कासन मिति

नागरिक बचतपत्रको बिक्री खुला, बिक्री बन्द र निष्कासन खुला बजार सञ्चालन समितिले तोकिदिएको मितिमा गर्ने गरिन्छ । सो सम्बन्धी जानकारी पत्रपत्रिका तथा वेबसाइटमा प्रकाशित गरिन्छ ।

### अवधि र कुपन (ब्याज) दर

नागरिक बचतपत्रको अवधि र यसमा पाउने निश्चित ब्याज दर (Coupon Rate) नेपाल सरकारले तोकिदिए बमोजिम हुने गर्दछ ।

### खरिदकर्ता

नागरिक बचतपत्र सर्वसाधारण नेपाली नागरिकले मात्र खरिद गर्न सक्दछन् ।

## खरिद गर्न सकिने रकम

घटीमा १० हजार रूपैंया र बढीमा कुल आह्वान रकमको सीमामा नबढाई १० हजार रूपैंयाले भाग गर्दा नि:शेष भाग जाने अंकमा नागरिक बचतपत्र खरिद गर्नको लागि आवेदन दिन सकिन्छ ।

## बिक्री प्रवन्धक

प्राथमिक निष्कासनको समयमा उपत्यका बाहिरका नेपाल राष्ट्र बैंकका कार्यालय र बजार निर्माता बिक्री प्रवन्धक रहने व्यवस्था छ ।

## आवेदन फारम

प्राथमिक निष्कासनको समयमा आवेदन फारम नेपाल राष्ट्र बैंकको वेबसाईटबाट डाउनलोड गरी वा उपत्यका बाहिरका नेपाल राष्ट्र बैंकका कार्यालय वा बजार निर्माता मार्फत उपलब्ध हुन्छ ।

## आवेदन फारम र रकम पेश गर्ने स्थान

नागरिक बचतपत्र खरिद आवेदन फारम र खरिद गर्न चाहेको रकम देशभरका बजार निर्माताका साथै नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयमा पेश गर्न सकिन्छ ।

## आवेदनसाथ पेश गर्नुपर्ने कागजात

नागरिक बचतपत्र खरिद गर्नको लागि आवेदन साथ नागरिकताको प्रतिलिपि, नाबालकको नाममा खरिद गर्ने भए नाबालकको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि तथा तोकिए बमोजिमका अन्य कागजात पेश गर्नुपर्दछ ।

## बाँडफाँट

आह्वान रकम भन्दा कम वा बराबर आवेदन परेमा माग अनुसार र आह्वान रकम भन्दा बढी रकमको लागि आवेदन प्राप्त हुन आएको अवस्थामा खुला बजार सञ्चालन समितिको निर्णयानुसार बाँडफाँट गरिन्छ ।

## खण्डित अवधिको ब्याज

आवेदन साथ रकम बुझाएको मिति देखि निष्कासन मिति भन्दा अघिल्लो दिनसम्मको बचतपत्रको लागि तोकिएको ब्याजदरमा खण्डित अवधिको ब्याज प्रदान गरिन्छ ।

## दोस्रो बजार कारोबार

नागरिक बचतपत्रको दोस्रो बजार कारोबार देश भरका बजार निर्माताका साथै नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरू मार्फत गर्न सकिन्छ ।

## सूचना

नागरिक बचतपत्र निष्कासनको सूचना नेपाल राष्ट्र बैंकको वेवसाइट (www.nrb.org.np), राष्ट्रिय स्तरका दैनिक पत्रिका तथा अनलाइन पत्रिकाहरूमा प्रकाशित गरिन्छ ।

## प्रमाणपत्र

सफल आवेदनकर्तालाई प्रमाण स्वरूप तोकिएको ढाँचामा प्रमाणपत्र उपलब्ध गराइन्छ । यस्तो प्रमाणपत्र प्रमिशरी नोट वा स्टकको रूपमा आवेदन पेश गरेको कार्यालयबाट उपलब्ध गराइन्छ । आवेदन फारममा नै प्रमिशरी नोट लिने कि स्टक लिने हो खुलाउनु पर्दछ । नखुलाइएको अवस्थामा प्रमिशरी नोट नै प्रदान गरिने व्यवस्था छ ।

## ब्याज तथा साँवा भुक्तानी

नागरिक बचतपत्रको ब्याज अर्धवार्षिकरूपमा भुक्तानी गरिन्छ भने तोकिएको मितिमा साँवा भुक्तानी गरिन्छ ।

## ब्याज गणना विधि

नागरिक बचतपत्रको लागि निर्धारित ब्याज हिसाब गर्दा ३६० दिन बराबरको एक वर्ष र ३० दिन बराबरको एक महिना मानी गणना गर्नु पर्दछ ।

## आयकर सम्बन्धी व्यवस्था

नागरिक बचतपत्रमा गरिएको लगानीबाट आर्जित ब्याज आम्दानीमा आयकर लाग्दछ ।

## प्रयोग

नागरिक बचतपत्रको प्रमाणपत्र भुक्तानी मिति अगावै यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिन दिन पाइने व्यवस्था छ ।

## फाइदा

नागरिक बचतपत्रमा लगानी गर्दा ६/६ महिनामा ब्याज पाइने, चाहेको समयमा बिक्री गर्न वा धितो राखी कर्जा लिन सकिने, लगानी रकमको जोखिम नहुने र अप्रत्यक्ष रूपमा देश विकास कार्यमा संलग्न हुन पाइने हुन्छ ।

# वैदेशिक रोजगार बचतपत्र

## (Foreign Employment Saving Bond)

### परिचय

मुलुक बाहिर रोजगारीमा संलग्न नेपाली नागरिक तथा विदेशमा बसोबास गर्ने गैर-आवासीय नेपालीले आर्जन गरेको विदेशी मुद्रालाई वैधानिक माध्यमबाट स्वदेशमा भित्र्याउने तथा उनीहरूले आर्जन गरेको रकम विदेशमै बसी वा स्वदेशमा आई सरकारी बचतपत्रमा लगानी गर्ने उपयुक्त अवसर प्राप्त होस् भनी नेपाल सरकारले निश्चित ब्याजदर (सामान्यतः अन्य बचतपत्रको भन्दा केही बढी) तोकी नेपाली रूपैंयाँमा जारी हुने मध्यमकालीन अवधिको बचतपत्र "वैदेशिक रोजगार बचतपत्र" हो । यो बचतपत्र ५ वर्षे अवधिको निष्कासन गरिन्छ ।

### उद्देश्य

यो बचतपत्र निष्कासनको प्रमुख उद्देश्य मुलुक बाहिर रोजगारीमा संलग्न नेपाली नागरिक वा गैर-आवासीय नेपालीले विदेशमा आर्जन गरेको रकम लगानी गर्न प्रोत्साहित गर्ने, वैधानिक माध्यमबाट विदेशी मुद्रा भित्र्याउने र देश विकासको निमित्त वित्तीय साधन जुटाउने रहेको छ ।

### निष्कासन प्रक्रिया

यो बचतपत्र तोकिएको अवधिभित्र OTC (Over the Counter) प्रक्रियाबाट निष्कासन गरिन्छ ।

### बिक्री खुला, बन्द र निष्कासन मिति

वैदेशिक रोजगार बचतपत्रको बिक्री खुला, बिक्री बन्द र निष्कासन खुला बजार सञ्चालन समितिले तोकिदिएको मितिमा गर्ने गरिन्छ । सो सम्बन्धी जानकारी पत्रपत्रिका तथा वेबसाइटमा प्रकाशित गरिन्छ ।

### अवधि र कुपन (ब्याज) दर

वैदेशिक रोजगार बचतपत्रको अवधि र यसमा पाउने निश्चित ब्याज दर (Coupon Rate) नेपाल सरकारले तोकिदिए बमोजिम हुने गर्दछ ।

### खरिदकर्ता

यो बचतपत्र मुलुक बाहिर रोजगारीमा संलग्न नेपाली नागरिक र विदेशमा बसोबास गर्ने गैर-आवासीय नेपालीले आफू वा आफ्नो एकाघर परिवारका सदस्य (बुवा, आमा, श्रीमान्,

श्रीमती, छोरा, छोरी) को नाममा खरिद गर्न सक्दछन् । साथै, मुलुक बाहिरको रोजगारीमा संलग्न भई फर्केकाले पनि फर्केको चार महिनाभित्र यो बचतपत्र खरिद गर्न सक्ने व्यवस्था छ ।

## खरिद गर्न सकिने रकम

घटीमा ५ हजार रूपैंया र बढीमा कुल आह्वान रकमको सीमामा नबढाई ५ हजार रूपैंयाँले भाग गर्दा निःशेष भाग जाने अंकमा वैदेशिक रोजगार बचतपत्र खरिद गर्नको लागि आवेदन दिन सकिन्छ ।

## बिक्री प्रवन्धक[२३]

प्राथमिक निष्कासनको समयमा बिक्री एजेण्ट मार्फत यो बचतपत्र बिक्री गरिन्छ ।

## आवेदन फारम

यो बचतपत्र खरिद आवेदन फारम प्राथमिक निष्कासनको समयमा नेपाल राष्ट्र बैंकको वेबसाइटबाट डाउनलोड गर्न सकिन्छ । बिक्री एजेण्ट मार्फत पनि फारम उपलब्ध हुन्छ ।

## आवेदन फारम पेश गर्ने स्थान

यो बचतपत्र खरिद आवेदन फारम बिक्री एजेण्टका विदेश वा स्वदेशस्थित कार्यालयमा पेश गर्नु पर्दछ ।

## आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू

(क) आवेदनकर्ताको राहदानीको प्रतिलिपि

(ख) कार्यरत मुलुकको भिसाको प्रतिलिपि (भारतबाहेक अन्य मुलुकमा कार्यरत श्रमिकका लागि मात्र)

(ग) कार्यरत कम्पनीको म्याद ननाघेको आधिकारिक परिचयपत्रको प्रतिलिपि

(घ) पासपोर्ट साईजको दुई प्रति फोटो

(ङ) नेपालमा खरिद गर्नुपर्ने अवस्थामा वैदेशिक रोजगार बचतपत्र खरिदको लागि प्रयोग भएको नेपाली मुद्रा बराबरको विदेशी मुद्रा वैधानिक माध्यमबाट नेपाल भित्रिएको हो भन्ने प्रमाणको रूपमा विदेशी मुद्रा सटही रसिद

---

[२३] वैदेशिक रोजगार बचतपत्र बिक्री गर्न राष्ट्रऋण व्यवस्थापन विभागबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था वा रेमिट्यान्स कम्पनीहरू ।

(च) विदेशी मुद्रामा खाता रहेको भए वैदेशिक रोजगार बचतपत्र खरिदमा प्रयोग भएको रकम उक्त खाता जम्मा/खर्च भएको बैंक स्टेटमेण्ट

(छ) विदेशमा रोजगारीमा रहेको व्यक्तिले नेपालमा रहेका एकाघर परिवारका सदस्यको नाममा बचतपत्र खरिद गर्ने भए आफ्नो माथि उल्लिखित कागजात सहित सो सदस्यको नागरिकताको प्रतिलिपि, नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि तथा विदेशी मुद्रा सटही गरेको रसिद

(ज) नाबालकको नाममा खरिद गर्ने भए आफ्नो माथि उल्लिखित कागजात सहित नाबालकको नाम र जन्म मिति खुलेको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।

(झ) आवेदन फारममा मुलुक बाहिर रोजगारीमा संलग्न रहेको वा रोजगारीबाट फर्केको (तोकिएको समयभित्र) वा गैर-आवासीय नेपाली नागरिकले अनिवार्यरूपमा दस्तखत गरेको हुनुपर्दछ ।

## बाँडफाँट

आह्वान रकम भन्दा कम वा बराबर आवेदन परेमा माग अनुसार र आह्वान रकम भन्दा बढी रकमको लागि आवेदन प्राप्त हुन आएको अवस्थामा खुला बजार सञ्चालन समितिको निर्णयानुसार बाँडफाँट गरिन्छ ।

## खण्डित अवधिको ब्याज

बिक्री खुला अवधिभित्र वैदेशिक रोजगार बचतपत्र खरिद गर्नको लागि आवेदनसाथ रकम बुझाएको मिति देखि निष्कासन हुने मिति भन्दा अघिल्लो दिनसम्मको बचतपत्रको लागि तोकिएको ब्याजदरमा खण्डित अवधिको ब्याज प्रदान गरिन्छ ।

## दोस्रो बजार कारोबार

नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालय वा बजार निर्माताका कार्यालयहरू मार्फत दोस्रो बजार कारोबार गर्न अर्थात आफूसँग रहेको बचतपत्र बिक्री गर्न सकिन्छ ।

## सूचना

यो बचतपत्र निष्कासनको सूचना नेपाल राष्ट्र बैंकको वेबसाइट (www. nrb.org.np), राष्ट्रिय स्तरका दैनिका पत्रिका लगायत अनलाइन पत्रिकाहरू र वैदेशिक रोजगारको गन्तव्य मुलुकहरूबाट प्रकाशित हुने नेपाली पत्रिका मार्फत प्रकाशित गरिन्छ ।

## प्रमाणपत्र

वैदेशिक रोजगार बचतपत्र खरिदकर्तालाई तोकिएको ढाँचामा बचतपत्र प्रदान गरिन्छ । यस्तो बचतपत्र प्रमिशरी नोट वा स्टकको रूपमा आवेदन पेश भएको एजेण्ट मार्फत उपलब्ध गराइन्छ । आवेदन फारममा नै प्रमिशरी नोट लिने कि स्टक लिने भन्ने खुलाउनु पर्दछ । नखुलाइएको अवस्थामा प्रमिशरी नोट प्रदान गरिने व्यवस्था छ ।

## ब्याज तथा साँवा भुक्तानी

वैदेशिक रोजगार बचतपत्रको ब्याज अर्धवार्षिक रूपमा भुक्तानी गरिन्छ भने तोकिएको मितिमा साँवा भुक्तानी गरिन्छ । यस्तो भुक्तानी नेपाली मुद्रामा मात्र प्राप्त हुन्छ ।

## ब्याज गणना विधि

यो बचतपत्रको लागि निर्धारित ब्याज हिसाब गर्दा ३६० दिन बराबरको एक वर्ष र ३० दिन बराबरको एक महिना मानी गणना गरिन्छ ।

## आयकर सम्बन्धी व्यवस्था

वैदेशिक रोजगार बचतपत्रमा गरिएको लगानीबाट आर्जित ब्याज आम्दानीमा आयकर लाग्दछ ।

## प्रयोग

यो बचतपत्र भुक्तानी मिति अगावै यस बैंक बाहेक अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिन/दिन पाईन्छ । अंकित मूल्यको ९० प्रतिशतसम्म कर्जा उपभोग गर्न सकिने व्यवस्था छ ।

## फाइदा

यस बचतपत्रमा लगानी गर्दा ६/६ महिनामा ब्याज पाइने, चाहेको समयमा बिक्री गर्न र धितो राखी कर्जा उपभोग गर्न सकिने, लगानी रकमको जोखिम नहुने र अप्रत्यक्ष रूपमा देश विकास कार्यमा संलग्न हुन पाइने हुन्छ ।

## वैदेशिक रोजगार बचतपत्रको लागि प्रयोग हुने मुद्रा

यो बचतपत्र खरिद गर्दा आफू कार्यरत रहेको स्थानमा बचतपत्र खरिद गर्ने भएमा विदेशी मुद्रा (कार्यरत मुलुकको स्थानिय मुद्रा) मा रकम जम्मा गर्नु पर्दछ भने यो बचतपत्रको साँवा तथा ब्याज भुक्तानी नेपाली मुद्रामा मात्र हुने व्यवस्था छ ।

***

# बजार निर्माता

## (Market Maker)

### परिचय

बजार निर्माता सम्बन्धी कार्यविधि, २०७० अनुसार राष्ट्रिय बचतपत्र तथा नागरिक बचतपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार गर्न र वैदेशिक रोजगार बचतपत्रको दोस्रो बजार कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त संस्थालाई बजार निर्माता भनिन्छ । आर्थिक वर्ष २०७२/७३ मा इजाजतपत्रप्राप्त बजार निर्माताको संख्या ४७ रहेको छ ।

### आवेदन पेस गर्नुपर्ने

बजार निर्माताले प्राप्त गरेको इजाजतपत्रको बहाल अवधि समाप्त हुनु अगावै नविकरणको लागि रीतपूर्वकको आवेदन पेश गर्नुपर्दछ । बजार निर्माताको नयाँ इजाजतपत्र लिनको लागि जुनसुकै समयमा रीतपूर्वकको आवेदन दिन सकिन्छ ।

### आवेदन कर्ता

नेपाल राष्ट्र बैंकबाट “क” वा “ख” वा “ग” वर्गको वित्तीय कारोबार गर्ने इजाजतपत्रप्राप्त गरेको संस्था वा यस बैंकले तोकेका अन्य संस्थाले बजार निर्माताको इजाजतपत्रका लागि आवेदन दिन सक्ने व्यवस्था छ ।

### आवेदन दस्तूर

बजार निर्माताको नयाँ इजाजतपत्र लिनको लागि रू. १०,०००।– वा साविकको इजाजतपत्र नवीकरणको लागि रू. ५,०००।– दस्तुर बुझाउनु पर्दछ । बजार निर्माताको इजाजतपत्रको बहाल अवधि समाप्त भए पश्चात् ३० दिन भित्र नविकरणको लागि आवेदन दिएमा रू. २,०००।– थप दस्तूर बुझाउनु पर्ने व्यवस्था रहेको छ ।

### आवेदन साथ पेश गर्नुपर्ने कागजात

*बजार निर्माताको नयाँ इजाजतपत्र लिनको लागि*

(क) पछिल्लो आर्थिक वर्षको वित्तीय विवरण

(ख) प्रवन्धपत्र र नियमावली

(ग) वित्तीय कारोबार गर्न प्राप्त गरेको इजाजतपत्रको प्रतिलिपि

(घ) दस्तूर बुझाएको सक्कल भौचर

*साविकको इजाजतपत्र नविकरणको लागि*

(क) इजाजतपत्रको सक्कल प्रति

(ख) पछिल्लो आर्थिक वर्षको वित्तीय विवरण

(ग) दस्तुर बुझाएको सक्कल भौचर

## शाखा कार्यालयले समेत कारोबार गर्न सक्ने

बजार निर्माताका शाखा कार्यालयहरूले समेत बजार निर्माताको कार्य गर्न सक्दछन् । यस्तो कारोबारको हिसाब मिलान भने आफ्नो केन्द्रीय कार्यालय मार्फत गर्नुपर्ने हुन्छ ।

## कमिशन

बजार निर्मातालाई बचतपत्रको प्राथमिक कारोबार गरे वापत कारोबार रकमको ०.२५ प्रतिशत र ब्याज भुक्तानीमा कारोबार रकमको ०.२५ प्रतिशत कमिशन प्रदान गरिन्छ ।

**बजार निर्माताले दोस्रो बजार कारोबारमा लिन पाइने कमिशन दर (खरिद/ बिक्री दुवै कारोबारमा) निम्न बमोजिम रहेको छ ।**

| रकम | कमिशन दर % |
|---|---|
| रू. १ लाखसम्म | ०.५ प्रतिशत |
| रू. १ लाख भन्दा माथि रू. ५ लाखसम्म | ०.४ प्रतिशत |
| रू. ५ लाख एक सयदेखि रू. १० लाखसम्म | ०.३ प्रतिशत |
| रू. १० लाख एक सयदेखि रू. ५० लाखसम्म | ०.२ प्रतिशत |
| रू. ५० लाख एक सयभन्दा माथि | ०.१ प्रतिशत |

उपत्यका बाहिरका बजार निर्माताले बचतपत्रको साँवा भुक्तानी दिएको अवस्थामा भुक्तानी गरेको रकमको ०.१५ प्रतिशतका दरले कमिशन प्रदान गरिन्छ ।

## अवधि

बजार निर्माताको इजाजतपत्रको बहाल अवधि ३ वर्ष हुन्छ । बजार निर्माताको बहाल अवधि समाप्त हुनु अगावै बजार निर्माता आफैले साविकको इजाजतपत्र नविकरणको लागि आवेदन दिनु पर्ने व्यवस्था रहेको छ ।

## प्राथमिक तथा दोस्रो बजार कारोबार

बचतपत्रको शुरू निष्कासनमा हुने खरिद/बिक्री कारोबार लाई प्राथमिक कारोबार भनिन्छ भने प्राथमिक निष्कासन पश्चात् गरिने खरिद तथा बिक्री कारोबारलाई दोस्रो बजार कारोबार भनिन्छ ।

## बजार निर्माताले प्राथमिक कारोबारमा गर्नुपर्ने कार्यहरू

(क) बचतपत्रको प्राथमिक निष्कासनको समयमा तोकिएको समयावधि भित्र सर्वसाधारण नेपाली नागरिकहरूलाई बचतपत्र बिक्री गर्ने ।

(ख) निष्कासनको लागि तोकिएको बचतपत्रको आवेदन फारम खरिदकर्तालाई माग अनुसार उपलब्ध गराउने । *(उक्त आवेदन फारमको नमूना नेपाल राष्ट्र बैंकको वेबसाईटमा उपलब्ध हुन्छ)*

(ग) बचतपत्र खरिदकर्ताबाट प्राप्त रकम, आवेदन फारम र स्वघोषणापत्र बुझिलिई रकम बुझेको रसिद खरिदकर्तालाई उपलब्ध गराउने । खरिदकर्ताबाट संकलन भएको रकमको र खरिदकर्ताको विवरण बैंकिङ समयभित्र नेपाल राष्ट्र बैंक, राष्ट्रऋण व्यवस्थापन विभागमा सोही दिन फ्याक्स मार्फत पठाउने । सक्कल आवेदन फारम पनि सुरक्षित तवरबाट तोकिएको समयभित्र राष्ट्रऋण व्यवस्थापन विभागमा पठाउने ।

(घ) बचतपत्र खरिदकर्ताको नाममा तयार भएका बचतपत्रको प्रमाणपत्र र खण्डित अवधिको ब्याज रकम राष्ट्रऋण व्यवस्थापन विभागबाट बुझिलिई सम्बन्धित खरिदकर्तालाई हस्तान्तरण गर्ने । प्रमाणपत्र हस्तान्तरण गर्नुपूर्व प्रमाणपत्रको अग्रभागमा तोकिएको स्थानमा प्रमाणपत्र धनीको दस्तखत अनिवार्यरूपमा गराउने ।

(ङ) ब्याज भुक्तानी लिनको लागि बचतपत्र धनी आएमा नियमानुसार ब्याज भुक्तानी दिई सोको शोधभर्ना राष्ट्रऋण व्यवस्थापन विभागसँग माग गर्ने ।

## बजार निर्माताले दोस्रो बजार कारोबार अन्तर्गत बचतपत्र खरिद गर्दा अपनाउनु पर्ने प्रक्रिया

(क) बिक्रीकर्ताले बिक्रीको लागि पेश गरेको बचतपत्रको अग्रभागमा धनीको दस्तखत भन्ने स्थानमा रहेको दस्तखत र बिक्रीको लागि पेश गरेको निवेदनमा बिक्रेताले गरेको दस्तखत ठीक भए/नभएको रूजु गर्ने । *(प्रमिशरी नोट प्रमाणपत्र घरायसी दरपीठ गरी खरिद बिक्री भएको अवस्थामा प्रमाणपत्रको अग्रभागमा रहेको दस्तखत र*

*निवेदनमा गरेको दस्तखत नमिल्न सक्छ । यस्तो अवस्थामा पछिल्लो धनीको दस्तखत र निवेदनको दस्तखत मिल्नु पर्दछ)*

(ख) बिक्रीकर्ताले बिक्रीको लागि साँवा प्रमाणपत्रका साथै ब्याज भुक्तानी पूर्जा समेत संलग्न गरी पेश गरे/नगरेको रूजु गर्ने ।

(ग) बिक्रीकर्ताले बिक्रीको लागि पेश गरेको बचतपत्रको साँवा प्रमाणपत्रको पृष्ठ भागको तल दाहिने कुनामा रहेको स्थानमा साँवा भुक्तानी बुझिलिएको प्रमाण स्वरूप आवश्यक विवरण भरी दस्तखत गर्न लगाउने र बजार निर्माताले पनि भुक्तानी दिएको प्रमाण स्वरूप कार्यालयको छाप लगाई दस्तखत गर्ने ।

(घ) अन्य बिक्री प्रक्रिया "बजार निर्माता सम्बन्धी कार्यविधि, २०७०" र सो कार्यविधिमा उल्लिखित अनुसूची बमोजिमका फारम भरी/भराई आफ्नो स्वामित्वमा राख्नको लागि नियमानुसार तोकिएको अवधिभित्र सो बचतपत्र बजार निर्माताले राष्ट्रऋण व्यवस्थापन विभागमा पठाउने ।

## बजार निर्माताले दोस्रो बजार कारोबार अन्तर्गत आफ्नो स्वामित्वमा रहेको बचतपत्र बिक्री गर्दा अपनाउनु पर्ने प्रक्रिया

(क) "बजार निर्माता सम्बन्धी कार्यविधि, २०७०" र सो कार्यविधिमा उल्लिखित अनुसूची बमोजिमको फारम भरी/भराई बजार निर्माताले आफ्नो स्वामित्वमा रहेको बचतपत्रको स्वामित्व विवरणसहित तोकिएको अवधिभित्र राष्ट्रऋण व्यवस्थापन विभागमा पठाउने ।

(ख) राष्ट्रऋण व्यवस्थापन विभागबाट खरिदकर्ताको नाममा तयार भएको बचतपत्रको प्रमाणपत्र बुझिलिई सम्बन्धित खरिदकर्तालाई हस्तान्तरण गर्ने ।

***

# बिक्री एजेण्ट

## (Sales Agent)

### परिचय

"वैदेशिक रोजगार बचतपत्र सम्बन्धी कार्यविधि, २०६९" अनुसार वैदेशिक रोजगार बचतपत्रको प्राथमिक कारोबार गर्नको लागि नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त गरेको संस्थालाई बिक्री एजेण्ट भनिन्छ । आर्थिक वर्ष २०७२/७३ मा इजाजतपत्रप्राप्त बिक्री एजेण्टको संख्या ८ रहेको छ ।

### आवेदन आह्वान

नयाँ आर्थिक वर्ष सुरू हुनुभन्दा पहिले राष्ट्रऋण व्यवस्थापन विभागबाट बैंकको वेबसाईट र राष्ट्रिय स्तरका दैनिक पत्रिका मार्फत सूचना प्रकाशित गरी पुरानो इजाजतपत्र नविकरण तथा नयाँ इजाजतपत्रका लागि आवेदन आह्वान गरिन्छ ।

### आवेदन कर्ता

नेपाल राष्ट्र बैक, विदेशी विनिमय व्यवस्थापन विभागबाट विप्रेषणको कारोबार गर्ने इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था, रेमिट्यान्स कम्पनीहरू तथा मनी ट्रान्स्फर कम्पनीहरूले बिक्री एजेण्टको लागि आवेदन दिन सक्दछन् ।

### आवेदन दस्तूर

आवेदन साथ बिक्री एजेण्टको नयाँ इजाजतपत्रको निम्ति रू. १,०००।– वा साविकको इजाजतपत्र नवीकरणका लागि रू. ५००।– दस्तूर बुझाउनु पर्दछ ।

### आवेदन साथ पेश गर्नुपर्ने कागजात

(क) नेपाल राष्ट्र बैक, विदेशी विनिमय व्यवस्थापन विभागबाट विप्रेषणको कारोबार गर्न दिइएको इजाजतपत्रको प्रतिलिपि,

(ख) विदेशी कम्पनी तथा देशसँग भएको रेमिट्यान्स कारोबार सम्बन्धी सम्झौतापत्रको प्रतिलिपि र

(ग) दस्तूर बुझाएको सक्कल भौचर ।

### अवधि

बिक्री एजेण्टको इजाजतपत्रको बहाल अवधि १ वर्षको हुने गर्दछ । प्रत्येक आर्थिक वर्षको लागि पूरानो इजाजतपत्र नविकरण गर्नु पर्दछ ।

## बिक्री एजेण्टले प्राथमिक कारोबारमा गर्नुपर्ने कार्यहरू

(क) वैदेशिक रोजगार बचतपत्रको आवेदन फारम खरिदकर्तालाई माग अनुसार उपलब्ध गराउने । *(उक्त आवेदन फारमको नमूना नेपाल राष्ट्र बैंकको वेबसाइटमा उपलब्ध हुन्छ)*

(ख) निष्कासनको समयमा तोकिएको समयावधिभित्र सूचनामा तोकिए बमोजिमका योग्य व्यक्तिहरूलाई उक्त बचतपत्र बिक्री गर्ने ।

(ग) बचतपत्र खरिदकर्ताबाट प्राप्त रकम र आवेदन फारम बुझिलिई रकम बुझेको रसिद खरिदकर्तालाई उपलब्ध गराउने र खरिदकर्ताबाट संकलन भएको रकमको र खरिदकर्ताको विवरण तोकिए बमोजिम हुने गरी बैंकिङ समयभित्र नेपाल राष्ट्र बैंक राष्ट्रऋण व्यवस्थापन विभागमा सोही दिन पठाउने । उक्त सक्कल आवेदन फारम पनि सुरक्षित तवरबाट राष्ट्रऋण व्यवस्थापन विभागमा पुग्ने गरी पठाउने । बिक्री एजेण्टले रू. १० लाख भन्दा माथिको रकम सोही दिन र सो भन्दा कम रकम संकलन भएको अवस्थामा रू. १० लाख पुगेपछि तोकिएको विवरण सहित राष्ट्रऋण व्यवस्थापन विभागमा पठाउनु पर्ने व्यवस्था रहेको छ ।

(घ) बचतपत्र खरिदकर्ताको नाममा तयार भएका प्रमाणपत्र र खण्डित अवधिको ब्याज रकम राष्ट्रऋण व्यवस्थापन विभागबाट बुझिलिई सम्बन्धित खरिदकर्तालाई हस्तान्तरण गर्ने ।

(ङ) बचतपत्रको प्राथमिक कारोबार "वैदेशिक रोजगार बचतपत्र सम्बन्धी कार्यविधि, २०६९" बमोजिम गर्ने ।

***

# सरकारी ऋणपत्रहरूको विवरण सारांश

<table>
<tr><th colspan="6">आन्तरिक ऋण व्यवस्थापन गर्ने प्रयोजनार्थ प्रयोग हुने ऋणपत्रहरू</th></tr>
<tr><th>उपकरणहरू</th><th>निष्कासन</th><th>मूल्य तथा ब्याजदर</th><th>निष्कासन विधि</th><th>बोल गर्नुपर्ने</th><th>सूचना</th></tr>
<tr><td>ट्रेजरी विल</td><td rowspan="2">बोलकबोल</td><td rowspan="2">बोलकबोल द्वारा निर्धारण हुने</td><td>(बहु-बोलमूल्य विधि</td><td>मूल्यमा</td><td rowspan="2">बैंकको वेबसाइट तथा अनलाईन बोलकबोल प्रणाली</td></tr>
<tr><td>विकास ऋणपत्र</td><td>एकल ब्याजदर विधि</td><td>ब्याजदरमा</td></tr>
<tr><td>राष्ट्रिय बचतपत्र</td><td rowspan="3">कुपन दर तोकेर, OTC* प्रक्रियाबाट</td><td rowspan="3">नेपाल सरकारले तोके बमोजिम हुने</td><td rowspan="3">बोलकबोल नहुने (बिक्री प्रवन्धक-बजार निर्माता र बिक्री एजेण्ट)</td><td>-</td><td rowspan="3">वेबसाइट, राष्ट्रिय दैनिक पत्रिका तथा अनलाइन पत्रिका आदि</td></tr>
<tr><td>नागरिक बचतपत्र</td><td>-</td></tr>
<tr><td>वैदेशिक रोजगार बचतपत्र</td><td>-</td></tr>
<tr><td colspan="3">बजार निर्माताको संख्या</td><td colspan="3">४७ (आ.व.२०७२/७३ का लागि)</td></tr>
<tr><td colspan="3">बिक्री एजेण्टको संख्या</td><td colspan="3">८ (आ.व.२०७२/७३ का लागि)</td></tr>
</table>

***OTC: Over The Counter**

## खण्ड (ख)

# मौद्रिक व्यवस्थापन

## (Monetary Management)

मौद्रिक नीति कार्यान्वयनको लागि गरिने मौद्रिक व्यवस्थापनको कार्य अन्तर्गत प्रमुख रूपमा बैंकिङ क्षेत्रको तरलतालाई अधिक वा न्यून हुन नदिने रहेको हुन्छ । तरलता न्यून भएको वा तरलताको अभाव रहेको अवस्थामा ब्याजदर बढ्ने, लगानीको लागि यथेष्ट रकमको अभाव हुने, कर्जाको ब्याजदर उच्च हुँदा उत्पादन लागत बढ्ने, यसले मुद्रास्फीति बढाउने र लगानी निरूत्साहित हुने अवस्था आउँदछ । अर्कोतर्फ बजारमा अधिक तरलताको अवस्था हुँदा ब्याजदरहरू न्यून स्तरमा झर्ने, यसबाट बचत प्रोत्साहित नहुने, उपभोग बढ्ने, माग बढ्न जाँदा त्यसले मुद्रास्फीति बढ्न सक्ने, न्यून ब्याजदरको कारण कमसल परियोजनाहरूमा कर्जा प्रवाह हुन सक्ने, पूँजी पलायन हुने जस्ता समस्या देखा पर्न सक्दछन् । यस कुरालाई ध्यानमा राखी मौद्रिक नीतिको कार्यान्वयनको सिलसिलामा खुला बजार कारोबारद्वारा तरलता व्यवस्थापन गरिन्छ ।

उपरोक्त तरलता व्यवस्थापनको कार्य नेपाल राष्ट्र बैंकको अनुसन्धान विभागले तयार गर्ने "तरलता अनुगमन तथा प्रक्षेपण संरचना (LMFF)" ले इङ्गित गरे अनुसार बैंकिङ प्रणालीमा अधिक तरलता भए प्रशोचन गर्ने र न्यून तरलता भए प्रवाह गर्ने कार्य खुला बजार कारोबार सञ्चालन समितिको निर्णयानुसार "नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१" बमोजिम राष्ट्रऋण व्यवस्थापन विभागबाट हुँदै आएको छ ।

नेपाल राष्ट्र बैंकले बैंकिङ प्रणालीमा तरलता अधिक भएको अवस्थामा प्रशोचन गर्ने उपकरण प्रयोग गरी बोलकर्ताको यस बैंकमा रहेको खाता खर्च गरी रकम लिने र तरलता न्यून हुँदा प्रवाह गर्ने उपकरण प्रयोग गरी सोही खातामा रकम जम्मा गरी दिने व्यवस्था छ । तरलता प्रशोचन गर्ने क्रममा जम्मा हुन आउने रकम नेपाल राष्ट्र बैंकले अन्य कार्यमा प्रयोग गर्न पाउँदैन ।

तरलता व्यवस्थापनमा प्रयोग गरिने उपकरणहरू निम्न बमोजिम रहेका छन् ।

(क) रिपो

(ख) रिभर्स रिपो

(ग) सोझै बिक्री

(घ) सोझै खरिद

(ङ) निक्षेप संकलन

(च) नेपाल राष्ट्र बैंक ऋणपत्र

उपरोक्त उपकरणहरू मध्ये तरलता प्रशोचनको लागि रिभर्स रिपो, सोझै बिक्री, निक्षेप संकलन र नेपाल राष्ट्र बैंक ऋणपत्रको प्रयोग गरिन्छ भने तरलता प्रवाहको निम्ति रिपो र सोझै खरिद उपकरणको प्रयोग गरिन्छ ।

रिपो तथा रिभर्स रिपो उपकरणको बोलकबोल तथा निष्कासन आवश्यकतानुसार प्रत्येक हप्ताको बुधवार हुने गर्दछ । रिपो तथा रिभर्स रिपो एकैपटक निष्कासन हुँदैनन् । यी उपकरणहरू तरलताको अवस्थानुसार निष्कासन हुने गर्दछन् । रिपो तथा रिभर्स रिपो बाहेक अन्य उपकरणहरू (सोझै बिक्री, सोझै खरिद, निक्षेप संकलन, नेपाल राष्ट्र बैंक ऋणपत्र) को बोलकबोल तथा निष्कासन खुला बजार कारोबार सञ्चालन समितिको निर्णयानुसार तोकिएको दिनमा हुने गर्दछ ।

यी उपकरणहरूको बोलकबोल सम्बन्धी सूचना यस बैंकको वेबसाइट (www.nrb.org.np) र अनलाइन बोलकबोल प्रणाली (http:\\obss. nrb.org. np/pd) मार्फत प्रकाशित हुने गर्दछ ।

***

# रिपो
## (Repo)

### परिचय

बैंकिङ प्रणालीमा साधारण प्रकृतिको न्यून तरलताको स्थिति देखिएमा खुला बजार कारोबार सञ्चालन समितिको निर्णयानुसार अल्पकालीन (अधिकतम सात दिनको लागि) अवधिको तरलता प्रवाह (Inject) गर्न प्रयोग हुने उपकरण “रिपो” हो । यस उपकरणको निष्कासनका दिन बोलकबोलमा सफल बोलकर्ताको (बैंक तथा वित्तीय संस्थाहरूको) यस बैंकमा रहेको खातामा नेपाल राष्ट्र बैंकले बाँडफाँट अनुसारको रकम जम्मा गरिदिने भएकोले तोकिएको समयावधिको लागि तरलता प्रवाह हुन जान्छ । यो उपकरणको प्रयोग “नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१” बमोजिम गरिन्छ ।

### निष्कासन

रिपो उपकरणको निष्कासन बोलकबोल प्रक्रियाबाट हुन्छ ।

### निष्कासन विधि

यो उपकरणको निष्कासनमा बहु-ब्याजदर विधिको प्रयोग गरिन्छ ।

### बोल गर्ने विधि

यो उपकरणको बोलकबोल ब्याजदर (Interest Rate) मा गर्नु पर्दछ । एकै संस्थाले अलग-अलग वा बहु-ब्याजदरमा पनि बोल गर्न सक्दछन् । बोलकबोल Online Bidding System को माध्यमबाट गर्नुपर्दछ ।

### बोलकबोलमा सहभागिता

यो उपकरणको बोलकबोलमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त “क”, “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरू मात्र सहभागी हुन सक्दछन् ।

### बोल रकम

यो उपकरणको बोलकबोलमा न्यूनतम रू. ५० हजार र बढीमा रू. ५० हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा अह्वान रकमसम्म बोल गर्न सकिन्छ ।

## ब्याजदर निर्धारण

यो उपकरणको ब्याजदर बोलकबोलबाट निर्धारण हुन्छ ।

## बाँडफाँट

यो उपकरणको बोलकबोलमा सहभागी बैंक तथा वित्तीय संस्थाहरूमध्ये सबैभन्दा बढी ब्याजदर बोल गर्ने संस्थालाई पहिलो प्राथमिकतामा राखी क्रमैसँग आह्वान रकमसम्म बाँडफाँट गरिन्छ ।

## रिपो रकम जम्मा

नेपाल राष्ट्र बैंकले रिपो उपकरणको बोलकबोलमा सफल बोलकर्ताको[२४] यस बैंकमा रहेको खातामा बाँडफाँट अनुसारको रिपो रकम जम्मा (Credit) गरिदिन्छ ।

## धितो सम्बन्धी व्यवस्था

रिपो उपकरणको बोलकबोलमा सफल बोलकर्ताको यस बैंकमा रहेको खातामा रकम जम्मा गर्नु अघि ती बोलकर्ताले बाँडफाँट अनुसारको रकमको ११० प्रतिशत रकम बराबरको सुरक्षणपत्र (आफ्नो स्वामित्वमा रहेको ट्रेजरी बिल वा विकास ऋणपत्र) धितो स्वरूप नेपाल राष्ट्र बैंकमा बुझाउनु पर्दछ । भुक्तानी मितिका दिन रिपो रकम फिर्ता भुक्तानी भइसके पश्चात् धितो स्वरूप राखेको सुरक्षणपत्र सम्बन्धित बोलकर्तालाई फिर्ता गरिन्छ ।

## रिपो भुक्तानी

यो उपकरणको भुक्तानी मितिमा निष्कासन मितिका दिन सम्बन्धित बोलकर्ताको यस बैंकमा रहेको खातामा जम्मा गरी प्रदान गरेको रिपो रकम सोही खाता खर्च गरी एकमुष्ट साँवा ब्याज रकम भुक्तानी लिने गरिन्छ ।

***

२४ बोलकबोलमा सहभागि संस्थामध्ये बोल स्वीकार गरिएका संस्था ।

# रिभर्स रिपो

## (Reverse Repo)

### परिचय

बैंकिङ प्रणालीमा साधारण प्रकृतिको अधिक तरलताको स्थिति देखिएमा खुला बजार कारोबार सञ्चालन समितिको निर्णयानुसार बैंकिङ प्रणालीबाट अल्पकालीन (अधिकतम सात दिनको लागि) अवधिको तरलता प्रशोचन (Mop-up) गर्न प्रयोग हुने उपकरण "रिभर्स रिपो" हो । यस उपकरणको निष्कासनका दिन बोलकबोलमा सफल बोलकर्ताको यस बैंकमा रहेको खाताबाट रकम झिकिने भएकोले तोकिएको समयावधिको लागि तरलता प्रशोचन हुन्छ । यो उपकरणको प्रयोग "नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१" बमोजिम गरिन्छ ।

### निष्कासन

रिभर्स रिपो उपकरणको निष्कासन बोलकबोल प्रक्रियाबाट हुन्छ ।

### बोल गर्ने विधि

यो उपकरणको बोलकबोल ब्याजदरमा (Interest Rate) गर्नु पर्दछ । एकै संस्थाले अलग-अलग वा बहु-ब्याजदरमा पनि बोल गर्न सक्दछन् । बोलकबोल Online Bidding System को माध्यमबाट गर्नुपर्दछ ।

### निष्कासन विधि

यो उपकरणको निष्कासनमा बहु-ब्याजदर विधिको प्रयोग गरिन्छ ।

### बोलकबोलमा सहभागिता

यो उपकरणको बोलकबोलमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरू मात्र सहभागी हुन सक्दछन् ।

### बोल रकम

यो उपकरणको बोलकबोलमा न्यूनत्तम रू. ५० हजार र बढीमा रू. ५० हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा अह्वान रकमसम्म बोल गर्न सकिन्छ ।

## ब्याजदर निर्धारण

यो उपकरणको ब्याजदर बोलकबोलबाट निर्धारण हुन्छ ।

## बाँडफाँट

यो उपकरणको बोलकबोलमा सहभागी बैंक तथा वित्तीय संस्थाहरूमध्ये सबैभन्दा कम ब्याजदर बोल गर्ने संस्थालाई पहिलो प्राथमिकतामा राखी क्रमैसँग आह्वान रकमसम्म बाँडफाँट गरिन्छ ।

## रिभर्स रिपो रकम खर्च

नेपाल राष्ट्र बैंकले रिभर्स रिपो उपकरणको बोलकबोलमा सफल बोलकर्ताको यस बैंकमा रहेको खाताबाट बाँडफाँट अनुसारको रकम खर्च (Debit) गरी लिन्छ ।

## धितो सम्बन्धी व्यवस्था

तरलता प्रशोचन गर्ने प्रयोजनार्थ प्रयोग हुने रिभर्स रिपो उपकरणको बोलकबोल आह्वान तथा निष्कासन गर्दा नेपाल राष्ट्र बैंकले आफ्नो स्वामित्वमा रहेको ट्रेजरी बिल धितो स्वरूप राख्नु पर्ने व्यवस्था छ ।

## भुक्तानी

रिभर्स रिपो भुक्तानी मितिमा निष्कासन मितिका दिन सफल बोलकर्ताको यस बैंकमा रहेको खाताबाट खर्च गरी लिएको रकम सोही खाता जम्मा गरी एकमुष्ट साँवा ब्याज रकम भुक्तानी गर्ने गरिन्छ ।

## आयकर सम्बन्धी व्यवस्था

रिभर्स रिपो उपकरणमा गरिएको लगानीबाट आर्जित ब्याज रकममा आयकर लाग्ने व्यवस्था छ ।

*नोट : रिपो तथा रिभर्स रिपो उपकरणको बोलकबोलमा सहभागी हुन इच्छुक संस्था र यस बैंक बीच अनिवार्यरूपमा मास्टर रिपर्चेज एग्रीमेण्ट[२५] भएको हुनु पर्दछ । अन्यथा रिपो र रिभर्स रिपो उपकरणको बोलकबोलमा सहभागी हुन पाइदैन ।*

---

२५ रिपो तथा रिभर्स रिपो उपकरणको बोलकबोलमा सहभागी हुन पूर्व सम्बन्धित संस्था र नेपाल राष्ट्र बैंक बीच धितो रहने ऋणपत्र एवम् अन्य विषयहरूका सम्बन्धमा अनिवर्य रूपमा गर्नुपर्ने सम्झौता ।

# सोझै बिक्री

## (Outright Sale)

### परिचय

बैंकिङ प्रणालीमा संरचनात्मक प्रकृतिको अधिक तरलताको स्थिति देखिएमा खुला बजार कारोबार सञ्चालन समितिको निर्णयानुसार बैंकिङ प्रणालीबाट दीर्घकालीन अवधिको तरलता प्रशोचन (Mop-up) गर्न प्रयोग हुने उपकरण "सोझै विक्री" हो । नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको ट्रेजरी बिलको बाँकी भुक्तानी अवधिको लागि "नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१" बमोजिम "सोझै बिक्री" उपकरण निष्कासन गरिन्छ । यस उपकरणको निष्कासनका दिन बोलकबोलमा सफल बोलकर्ताको खाताबाट बाँडफाँट अनुसारको रकम झिकिने भएकोले तोकिएको समयावधिको लागि तरलता प्रशोचन हुन्छ ।

### निष्कासन

सोझै बिक्री उपकरणको निष्कासन बोलकबोल प्रक्रियाबाट हुने गर्दछ ।

### बोल गर्ने विधि

यो उपकरणको बोलकबोल मूल्यमा (Price) गर्नु पर्दछ भने एकै संस्थाले अलग-अलग वा बहु-मूल्यमा पनि बोल गर्न सक्दछन् । बोलकबोल Online Bidding System को माध्यमबाट गर्नु पर्दछ ।

### निष्कासन विधि

यो उपकरणको निष्कासनमा बहु-मूल्य विधिको प्रयोग हुने गर्दछ ।

### बोलकबोलमा सहभागिता

यो उपकरणको बोलकबोलमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरू मात्र सहभागी हुन सक्दछन् ।

### बोल रकम

यो उपकरणको बोलकबोलमा न्यूनतम रू. ५० हजार र बढीमा रू. ५० हजारले भाग गर्दा निःशेष भाग जाने अंकमा अह्वान रकमसम्म बोल गर्न सकिन्छ ।

## मूल्य निर्धारण

यो उपकरणको मूल्य बोलकबोलबाट निर्धारण हुन्छ ।

## बाँडफाँट

यो उपकरणको बोलकबोलमा सहभागी बैंक तथा वित्तीय संस्थाहरूमध्ये सबैभन्दा बढी मूल्य (Price) बोल गर्ने संस्थालाई पहिलो प्राथमिकतामा राखी क्रमैसँग आह्वान रकमसम्म बाँडफाँट गरिन्छ ।

## रकम खर्च गरी लिने

नेपाल राष्ट्र बैंकले सोझै बिक्री उपकरणको बोलकबोलमा सफल बोलकर्ताको यस बैंकमा रहेको खाताबाट बाँडफाँट अनुसारको रकम (डिस्काउण्ट रकम कटाएर बाँकी रकम) खर्च (Debit) गरी लिन्छ ।

## स्वामित्व हस्तान्तरण

सोझै बिक्री उपकरणको निष्कासनमा नेपाल राष्ट्र बैंकले सफल बोलकर्ताबाट बाँडफाँट अनुसारको रकम निजहरूको यस बैंकमा रहेको खाता खर्च गरी लिए पश्चात् आफ्नो स्वामित्वमा रहेको ट्रेजरी बिलको स्वामित्व सम्बन्धित बोलकर्ताको नाममा हस्तान्तरण गरिदिन्छ । भुक्तानी मितिका दिन सोझै बिक्री रकमको भुक्तानी भए पश्चात् सफल बोलकर्ताको नाममा हस्तान्तरण भएको ट्रेजरी बिलको स्वामित्व स्वतः समाप्त हुन्छ । नेपाल राष्ट्र बैंकको स्वामित्वमा ट्रेजरी बिल नरहेको अवस्थामा सोझै बिक्री उपकरणको बोलकबोल आह्वान गर्न अथवा निष्कासन गर्न नमिल्ने व्यवस्था छ ।

## भुक्तानी

यो उपकरणको भुक्तानी मितिमा निष्कासन मितिका दिन सम्बन्धित बोलकर्ताको यस बैंक स्थित खाताबाट खर्च गरी लिएको रकम र सोको डिस्काउण्ट रकम एकमुष्ट सोही खाता जम्मा गरी फिर्ता भुक्तानी गर्ने गरिन्छ ।

## आयकर सम्बन्धी व्यवस्था

सोझै बिक्री उपकरणमा गरिएको लगानीबाट आर्जित डिस्काउण्ट रकममा आयकर लाग्ने व्यवस्था छ ।

***

# सोझै खरिद
## (Outright Purchase)

### परिचय

बैंकिङ प्रणालीमा संरचनात्मक प्रकृतिको न्यून तरलताको स्थिति देखिएमा खुला बजार कारोबार सञ्चालन समितिको निर्णयानुसार बैंकिङ प्रणालीमा तरलता प्रवाह (Inject) गर्न प्रयोग हुने उपकरण "सोझै खरिद" हो । यो उपकरणको निष्कासनमा नेपाल राष्ट्र बैंकले तोकिएको दिन भित्र भुक्तानी मिति भएका ट्रेजरी बिल इच्छुक बैंक तथा वित्तीय संस्थाहरूबाट "नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१" बमोजिम खरिद गर्दछ । यस उपकरणको बोलकबोलमा सफल बोलकर्ताको ट्रेजरी बिल नेपाल राष्ट्र बैंकले खरिद गरी सो वापत हुने रकम ती बोलकर्तालाई भुक्तानी गर्ने भएकोले बैंकिङ प्रणालीमा तरलता प्रवाह हुन्छ ।

### निष्कासन

सोझै खरिद उपकरण बोलकबोल प्रक्रियाबाट निष्कासन हुन्छ ।

### बोल आह्वान

यो उपकरणको बोल आह्वान गर्दा तोकिएको दिन भित्र भुक्तानी हुने आफ्नो स्वामित्वमा रहेका ट्रेजरी बिल बिक्रीको लागि बोल गर्नुपर्ने भन्ने ब्यहोरा खुलाई बोल आह्वान गरिन्छ ।

### बोल गर्ने विधि

यो उपकरणको बोलकबोलमा बोल गर्दा मूल्यमा (Price) गर्नु पर्दछ ।

### निष्कासन विधि

यो उपकरणको निष्कासनमा बहु-मूल्य विधिको प्रयोग हुन्छ ।

### बोलकबोलमा सहभागिता

यो उपकरणको बोलकबोलमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरू मात्र सहभागी हुन सक्दछन् ।

### बोल रकम

बोलवालाले आह्वान रकमको सीमासम्म एउटा सिरिजको ट्रेजरी बिलको लागि एउटा मात्र बोल गर्नु पर्दछ ।

## Yield Rate निर्धारण

यो उपकरणको बोलकबोल मूल्यमा गर्नुपर्ने भएतापनि बोल गरिएको मूल्यको आधारमा वार्षिक Yield Rate निर्धारण गरिन्छ ।

## बाँडफाँट

यो उपकरणको बोलकबोलमा सहभागी बैंक तथा वित्तीय संस्थाहरूमध्ये निर्धारित सबैभन्दा बढी वार्षिक Yield Rate बोल गर्ने लाई पहिलो प्राथमिकतामा राखी क्रमैसँग आह्वान रकमसम्म बाँडफाँट गरिन्छ ।

## रकम जम्मा गरी दिने

सोझै खरिद उपकरणको बोलकबोलबाट खरिद गरिएको ट्रेजरी बिल अनुसार भुक्तानी गर्नुपर्ने रकम नेपाल राष्ट्र बैंकले बोलकबोलमा सफल बोलकर्ताको यस बैंकमा रहेको खातामा जम्मा (Credit) गरी दिन्छ ।

## स्वामित्व हस्तान्तरण

सोझै खरिद उपकरणको निष्कासनमा ट्रेजरी बिल बिक्री गर्ने बैंक तथा वित्तीय संस्थाहरूबाट बिक्री गरिएका ट्रेजरी बिलको स्वामित्व नेपाल राष्ट्र बैंकमा हस्तान्तरण हुन्छ । भुक्तानी मितिका दिन यस बैंकले खरिद गरेका ट्रेजरी बिलको भुक्तानी प्राप्त भए पश्चात् ती ट्रेजरी बिलमा यस बैंकको स्वामित्व स्वतः समाप्त हुन्छ । सोझै खरिद बोलकबोलमा सहभागी हुने बैंक तथा वित्तीय संस्थाहरूको स्वामित्वमा तोकिएको अवधि भित्र भुक्तानी हुने ट्रेजरी बिल रहेको अवस्थामा मात्र सो बोलकबोलमा सहभागी हुन मिल्ने व्यवस्था छ ।

## भुक्तानी

यो उपकरणको बोलकबोलबाट नेपाल राष्ट्र बैंकले खरिद गरेका ट्रेजरी बिल रकमको भुक्तानी खरिद गर्दाको बखतमा नै सफल बोलकर्तालाई दिइन्छ ।

## लगानी खाता जम्मा हुने

सोझै खरिद बोलकबोलबाट नेपाल राष्ट्र बैंकले खरिद गरी लिएको ट्रेजरी बिलको रकम सो उपकरणको निष्कासन मितिका दिन आफ्नो लगानी खातामा जम्मा गरी हिसाब मिलान गर्दछ ।

## आयकर सम्बन्धी व्यवस्था

यो उपकरणको बिक्रीबाट आर्जित रकममा बिक्रीकर्ता बैंक तथा वित्तीय संस्थाहरूलाई आयकर लाग्ने व्यवस्था छ ।

# निक्षेप संकलन

## (Deposit Collection)

### परिचय

बैंकिङ प्रणालीमा असाधारण प्रकृतिको अधिक तरलताको स्थिति देखिन आएमा खुला बजार कारोबार सञ्चालन समितिको निर्णयानुसार बैंकिङ प्रणालीबाट तरलता प्रशोचन (Mop-up) गर्न प्रयोग हुने उपकरण "निक्षेप संकलन" हो । यो उपकरण अधिकतम ९० दिनको लागि निष्कासन गरिन्छ । यो उपकरणको प्रयोग "नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१" बमोजिम गरिन्छ । यस उपकरणको बोलकबोलमा सफल बोलकर्ताको यस बैंकमा रहेको खाताबाट रकम झिकी नेपाल राष्ट्र बैंकले निक्षेपको रूपमा राख्दछ । जसबाट बैंकिङ प्रणालीमा रहेको अधिक तरलता तोकिएको समयावधिको लागि प्रशोचन हुन्छ ।

### निष्कासन

निक्षेप संकलन उपकरणको निष्कासन बोलकबोल प्रक्रियाबाट गरिन्छ ।

### बोल गर्ने विधि

यो उपकरणको बोलकबोल ब्याजदरमा (Interest Rate) गर्नु पर्दछ । एकै संस्थाले अलग-अलग वा बहु-ब्याजदरमा पनि बोल गर्न सक्दछन् । बोलकबोल Online Bidding System को माध्यमबाट गर्नु पर्दछ ।

### निष्कासन विधि

यो उपकरणको निष्कासनमा बहु-ब्याजदर विधिको प्रयोग गरिन्छ ।

### बोलकबोलमा सहभागिता

यो उपकरणको बोलकबोलमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरू मात्र सहभागी हुन सक्दछन् ।

### बोल रकम

यो उपकरणको बोलकबोलमा न्यूनतम रू. ५ करोड र बढीमा रू. ५ करोडले भाग गर्दा निःशेष भाग जाने अंकमा आह्वान रकमसम्म बोल गर्न सकिन्छ ।

## ब्याजदर निर्धारण

यो उपकरणको ब्याजदर बोलकबोलबाट निर्धारण हुन्छ ।

## बाँडफाँट

यो उपकरणको बोलकबोलमा सहभागी बैंक तथा वित्तीय संस्थाहरूमध्ये सबैभन्दा कम ब्याजदर बोल गर्ने संस्थालाई पहिलो प्राथमिकतामा राखी क्रमैसँग आह्वान रकमसम्म बाँडफाँट गरिन्छ ।

## रकम खर्च गरी लिने

नेपाल राष्ट्र बैंकले यस उपकरणको बोलकबोलमा सफल बोलकर्ताको यस बैंकमा रहेको खाताबाट बाँडफाँट अनुसारको निक्षेप रकम खर्च (Debit) गरी लिने गर्दछ ।

## गणना सम्बन्धी व्यवस्था

यो उपकरणको बोलकबोलबाट संकलन गरिएको निक्षेप रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाको लगानी Portfolio भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात (CRR) मा गणना गर्न पाइदैन । तर, यस बैंकको निर्देशन बमोजिम कायम राख्नु पर्ने SLR तथा Liquidity Ratio मा भने गणना गर्न पाईन्छ ।

## भुक्तानी

यो उपकरणको भुक्तानी मितिमा निष्कासन मितिका दिन सम्बन्धित बोलकर्ताको यस बैंकमा रहेको खाताबाट खर्च गरी लिएको निक्षेप रकम र निर्धारित ब्याजदरले हुने ब्याज रकम सोही खातामा जम्मा गरी फिर्ता भुक्तानी गरिन्छ ।

***

# नेपाल राष्ट्र बैंक ऋणपत्र

## (NRB Bond)

### परिचय

बैंकिङ प्रणालीमा संरचनात्मक प्रकृतिको अधिक तरलताको स्थिति देखिन आएमा बैंकको सञ्चालक समितिको स्वीकृतिमा खुला बजार कारोबार सञ्चालन समितिको निर्णयानुसार तरलता प्रशोचन (Mop-up) गर्न प्रयोग हुने उपकरण "नेपाल राष्ट्र बैंक ऋणपत्र" हो । यो उपकरण अधिकतम छ महिना वा एक वर्ष अवधिको लागि निष्कासन गरिन्छ । यो उपकरणको प्रयोग "नेपाल राष्ट्र बैंक खुला बजार कारोबार विनियमावली, २०७१" बमोजिम गरिन्छ । यस उपकरणको बोलकबोलमा सफल बोलकर्ताको यस बैंकमा रहेको खाताबाट रकम झिकी नेपाल राष्ट्र बैंकले अलग्गै खातामा जम्मा गरी राख्दछ । जसबाट बैंकिङ प्रणालीमा रहेको अधिक तरलता तोकिएको समयावधिको लागि प्रशोचन हुन्छ ।

### निष्कासन

नेपाल राष्ट्र बैंक ऋणपत्रको निष्कासन बोलकबोल प्रक्रियाबाट गरिन्छ ।

### बोल गर्ने विधि

यो ऋणपत्रको बोलकबोल ब्याजदरमा (Interest Rate) गर्नु पर्दछ । एकै संस्थाले अलग-अलग वा बहु-ब्याजदरमा पनि बोल गर्न सक्दछन् । बोलकबोल Online Bidding System को माध्यमबाट गर्नु पर्दछ ।

### निष्कासन विधि

यो ऋणपत्रको निष्कासनमा एकल-ब्याजदर विधिको प्रयोग गरिन्छ ।

### बोलकबोलमा सहभागिता

यो ऋणपत्रको बोलकबोलमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरू मात्र सहभागी हुन सक्दछन् ।

### बोल रकम

यो ऋणपत्रको बोलकबोलमा न्यूनतम रू. १ करोड र बढीमा रू. १ करोडले भाग गर्दा निःशेष भाग जाने अंकमा आह्वान रकमसम्म बोल गर्न सकिन्छ ।

## ब्याजदर निर्धारण

यो ऋणपत्रको ब्याजदर बोलकबोलबाट निर्धारण हुन्छ ।

## बाँडफाँट

बोलवालाले कबोल गरेको ब्याजदरलाई सानो देखि ठूलो क्रममा मिलाएर राखी आह्वान रकमसम्म वा समितिले निर्धारण गरेको बाँडफाँट रकमसम्मको विन्दुमा कायम हुने ब्याजदरलाई एकल ब्याजदर कायम गरी सोही एकल ब्याजदरमा सो दर र सो दरभन्दा मुनिका सबै बोलवालालाई उक्त ऋणपत्र बिक्री गरिने र समान ब्याजदर बोल गर्ने बोलवालाहरूको रकम समावेश गर्दा कुल निष्कासित रकम भन्दा बढी हुने भएमा समानुपातिकरूप (Pro-rata basis) मा बाँडफाँट गरिन्छ ।

## रकम खर्च गरी लिने

नेपाल राष्ट्र बैंकले यस ऋणपत्रको बोलकबोलमा सफल बोलकर्ताको यस बैंकमा रहेको खाताबाट बाँडफाँट अनुसारको रकम खर्च (Debit) गरी लिने गर्दछ ।

## गणना सम्बन्धी व्यवस्था

यो ऋणपत्रको बोलकबोलबाट संकलन भएको रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थाको लगानी Portfolio भएकोले सो रकमलाई अनिवार्य नगद मौज्दात (CRR) मा गणना गर्न पाइदैन । तर, यस बैंकको निर्देशन बमोजिम कायम राख्नु पर्ने SLR तथा Liquidity Ratio मा भने गणना गर्न पाईन्छ ।

## भुक्तानी

६ महिना अवधिको निष्कासन भएको अवस्थामा यो ऋणपत्रको साँवा तथा ब्याज रकम एकमुष्ठ भुक्तानी मितिमा र १ वर्ष अवधिको निष्कासन भएको अवस्थामा पहिलो ६ महिना समाप्त भएको भोलिपल्ट पहिलो किस्ताको ब्याज रकम मात्र र पछिल्लो ६ महिना समाप्त भएको भोलिपल्ट दोस्रो किस्ताको ब्याज रकमका साथै साँवा रकम सम्बन्धित बोलकर्ताको यस बैंकमा रहेको खातामा जम्मा गरी फिर्ता भुक्तानी गरिन्छ ।

# मौद्रिक व्यवस्थापनका उपकरणहरूको विवरण सारांश

<table>
<tr><th colspan="6">तरलता व्यवस्थापनमा प्रयोग हुने खुला बजार कारोबारका उपकरणहरू</th></tr>
<tr><th>उपकरणहरू</th><th>निष्कासन</th><th>मूल्य तथा ब्याजदर</th><th>निष्कासन विधि</th><th>बोल गर्नुपर्ने</th><th>सूचना</th></tr>
<tr><td>रिपो</td><td rowspan="6">बोलकबोल</td><td rowspan="6">बोलकबोलद्वारा निर्धारण हुने</td><td rowspan="6">बहु-ब्याजदर विधि</td><td>ब्याजदरमा</td><td rowspan="6">वेबसाइट तथा अनलाइन बोलकबोल प्रणाली</td></tr>
<tr><td>रिभर्स रिपो</td><td>ब्याजदरमा</td></tr>
<tr><td>सोझै विक्री</td><td>मूल्यमा</td></tr>
<tr><td>सोझै खरिद</td><td>मूल्यमा</td></tr>
<tr><td>निक्षेप संकलन</td><td>ब्याजदरमा</td></tr>
<tr><td>नेराबैंक ऋणपत्र</td><td>ब्याजदरमा</td></tr>
</table>

***

## खण्ड (ग)

# अनलाइन बोलकबोल प्रणाली

## (Online Bidding System)

### परिचय

बोलकबोल प्रक्रियाबाट निष्कासन हुने सरकारी ऋणपत्र (ट्रेजरी बिल, विकास ऋणपत्र) तथा मौद्रिक व्यवस्थापनका उपकरणहरू (रिपो, रिभर्स रिपो, सोझै बिक्री, सोझै खरिद, निक्षेप संकलन र नेपाल राष्ट्र बैंक ऋणपत्र) को बोलकबोल हुने माध्यम Online Bidding System हो । विगत लामो समयदेखि प्रयोगमा रहेको खामबन्दी बोलकबोल व्यवस्थालाई विस्थापित गरी मिति २०७२/३/१४ देखि पूर्णरूपमा Online Bidding System मार्फत बोलकबोल गर्नुपर्ने व्यवस्था गरिएको छ । बोल गर्न चाहने जो कोही संस्था यस विभाग मार्फत उक्त Online Bidding System मा दर्ता भई आवश्यक अन्य प्रक्रिया पुरा गर्नु पर्दछ ।

Online Bidding System लागू हुनु पूर्व बोलकबोलमा सहभागी हुन ईच्छुक बोलबालाहरू स्वयम् यस विभागमा वा यस बैंकका उपत्यका बाहिरका कार्यालयहरूमा उपस्थित भई खामबन्दी (शिलबन्दी) बोलपत्र पेश गर्नु पर्दथ्यो । यस अवस्थामा काबू बाहिरको परिस्थिति (बन्द, हडताल, चक्काजाम, ट्राफिक जाम, ठूलो वर्षा आदि) आई परेमा बोलकबोलमा सहभागी हुनबाट बञ्चित हुनुपर्ने अवस्था रहेको थियो । हाल उपरोक्त समस्याहरूको एकमुष्ट समाधान भएको छ र Online प्रणालीको व्यवस्था भएको छ ।

### Section

यस Online Bidding System Software मा Super Admin Section र Bidder Section गरी दुई Section रहेका छन् । Super Admin Section नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागबाट सञ्चालन तथा नियन्त्रित हुन्छ भने Bidder Section बोलकबोलमा सहभागी हुने बैंक तथा वित्तीय संस्थाबाट सञ्चालन हुन्छ ।

### Super Admin Section अन्तर्गत हुने कार्यहरू

(क) बोलकबोलमा सहभागी हुन इच्छुक संस्थाले पठाएको पत्रको आधारमा सो संस्थालाई Online System मा दर्ता गर्ने ।

(ख) दर्ता गरेको संस्थाको Admin User बनाई User Name र Password सम्बन्धित संस्थाको Admin User को email ठेगानामा पठाई सम्बन्धित संस्थालाई जानकारी दिने ।

(ग) बोलकबोल सम्बन्धी सूचना Online Bidding System मा राख्ने ।

(घ) तोकिएको समय पश्चात् Online Bidding System Software मार्फत प्राप्त हुन आएका बोलहरूको बाँडफाँट गर्ने ।

(ङ) स्वीकृत बोलकबोलको नतिजा प्रकाशन गर्ने ।

## Bidder Section अन्तर्गत हुने कार्यहरू

(क) OBSS मा संस्था दर्ता गराउने ।

(ख) User व्यवस्थापन गर्ने ।

(ग) बोलकबोल गर्ने ।

(घ) नतिजा विवरणका बारेमा जानकारी लिने ।

## Users

यस Online Bidding System Software मा तीन प्रकारका Users को व्यवस्था गरिएको छ ।

(क) Admin User

(ख) Primary User

(ग) Supervisor User

Admin User एउटा संस्थाको एक जना मात्र हुने र अन्य Users आवश्यकतानुसार बढीमा ८ जनासम्म बनाउन सकिने व्यवस्था छ । Admin User को कार्य अन्य User व्यवस्थापन गर्ने मात्र हुन्छ भने Primary User को कार्य Bid Input गर्ने मात्र हुन्छ । त्यसैगरी Suprvisor User को कार्य Input भएको Bid Data-Check गरी Approve गर्ने र Approve भएको Bid Data Submit गर्ने रहेको छ ।

## संस्था दर्ता (Registry)

बोलकबोलमा सहभागी हुन इच्छुक संस्थाले सबैभन्दा पहिला संस्था र Administrative (Admin) User, Online Bidding System मा दर्ता (Register) हुनको लागि देहाय बमोजिमको विवरण भरी संस्था प्रमुख सहित दुईजना आधिकारिक अधिकृत कर्मचारीले दस्तखत गरेको पत्र नेपाल राष्ट्र बैंक, राष्ट्र ऋण व्यवस्थापन विभागमा पठाउनु पर्दछ ।

| | | |
|---|---|---|
| 1. | A/C No. (Bank A/c at NRB) | |
| 2. | Organization Name (English) in Capital Letter | |
| 3. | Organization Name (Nepali) | |
| 4. | Operation Date (yyyy/mm/dd) | |
| 5. | Head Office | |
| 6. | Administrative User Name | |
| 7. | Valid e-mail Address of Admin. User | |
| 8. | Phone No. Office/ Mobile No. | |

***नोट :*** *नेपाल राष्ट्र बैंकमा खाता नहुने संस्थाले दर्ताको लागि पठाउने पत्रमा माथि बूँदा नम्बर १ मा उल्लिखित विवरण उल्लेख गर्नु नपर्ने ।*

## Admin User ले गर्ने कार्य

(क) Browser खोली URL: http://obss.nrb.org.np/pd Type गरी Enter गर्ने ।

(ख) राष्ट्रऋण व्यवस्थापन विभागले उपलब्ध गराएको User Name र Password प्रयोग गरी System मा Login हुने ।

(ग) आफ्नो Profile Update गरी Save गर्ने अनि राष्ट्र ऋण व्यवस्थापन विभागले उपलब्ध गराएको Password परिवर्तन गर्ने ।

(घ) तत्पश्चात Online बोलकबोलको लागि आवश्यक पर्ने अन्य आवश्यकतानुसारका Supervisor User र Primary User बनाउने ।

## Admin User ले अन्य Users (Supervisor/Primary User) बनाउने तरिका

Login पछि System मा Manage User-Click गरी Add New User- Click गर्ने, त्यसपछि User Type-Click गरी Supervisor वा Primary Select गर्ने, खाली कोठामा सम्बन्धित User को आवश्यक विवरण (Profile) भरी सकेपछि Status मा Active Select गर्ने अनि Save गर्ने । एवम् प्रकारले अन्य आवश्यकतानुसारका संख्यामा Supervisor र Primary User हरू बनाउने । अन्तिममा List Users Button Click गर्ने र बनाइएका User हरूलाई एक एक गरी वा एकमुष्ट Select गरी Validate गर्ने । यस प्रकार Online मार्फत बोल गर्नको लागि Users तयार हुने हुन्छ ।

## Primary User

Primary User ले माथि उल्लिखित URL मा गई Admin User ले उपलब्ध गराएको आफ्नो User Name र Password प्रयोग गरी System मा Login हुने । त्यसपछि देखिने

स्क्रिनमा बोलकबोल गर्न चाहेको उपकरण छनौट गर्ने र Click गर्ने (ट्रेजरी बिलमा बोल गर्ने भए जुन अवधिको ट्रेजरी बिलमा बोल गर्ने हो सोही अवधिकोमा Click गर्नुपर्दछ) । त्यसपछि बोल आह्वान गरिएको उपकरण सम्बन्धी सूचना देखा पर्दछ । आफुले बोल गर्न चाहेको उपकरणको सूचनाको दाँयातर्फको कुनामा रहेको Apply Box मा Click गर्ने । त्यसपछि देखिने स्क्रिनमा Submit New Auction Button-Click गर्ने । Payment Type मा Click गरी Bank Account at NRB or Others Select गर्ने । माग रकम (Demand Amount) र मूल्य वा ब्याजदर (Price or Rate) उल्लेख गर्ने । अप्रतिस्पर्धीमा बोल गर्ने भए माग रकम मात्र उल्लेख गर्नुपर्दछ । यदि Multiple Bid गर्ने हो भने Add More-Click गर्ने र पुनः माथिको प्रक्रिया दोहोर्‍याउने । अन्तिममा Input गरेको Bid Data Save गरी Logout भई Supervisor User लाई जानकारी दिने ।

## Supervisor User

Primary User बाट Bid Input भएको जानकारी प्राप्त भइसकेपछि माथि उल्लिखित URL मा गई Admin User ले उपलब्ध गराएको आफ्नो User Name र Password प्रयोग गरी System मा Login भए पश्चात् बोल गरेको उपकरणमा Click गर्ने र देखा परेको सूचनाको दाँयातर्फ छेउमा रहेको Approve Button Click गर्ने । त्यसपछि Primary User ले Input गरेको Bid Data देखापर्दछ । सो Bid Data राम्रोसँग (यकिन साथ) रूजु गर्ने र एक एक गरी वा एकमुष्ट Select गरी ठीक भए Approve गर्ने । उक्त Approve गरेको सम्पूर्ण Bid Data लाई सावधानी पूर्वक एकमुष्ट रूपमा Select गरी Submit गर्ने ।

Input भएको Data यदि Reject भएको अवस्थामा सो बारे Primary User लाई जानकारी दिनु पर्दछ । Supervisor User बाट Bid Data Reject भएको जानकारी प्राप्त भएमा Primary User ले माथिको प्रक्रियाबाट System मा Login भई Rejected Data सच्याई Save गरी Supervisor User लाई जानकारी दिनुपर्दछ । Supervisor User ले पनि पुनः माथिको प्रक्रियाबाट Approve र Submit गर्नुपर्दछ ।

***नोट :*** *यदि एउटा बोलमा Input भएको Multiple Bid मध्ये कुनै एउटा Bid Reject भएको अवस्थामा अन्य Bid Submit गर्नु हुँदैन । Rejected Bid Correction भई आए पछि उक्त Bid Approve गरी सम्पूर्ण Bid Data लाई एकमुष्ट Select गरी Submit गर्नु पर्दछ । किनकी एउटै बोलमा दुईपटक Submit गर्न मिल्दैन ।*

## Online बोलकबोलका सम्बन्धमा रहेको अन्य व्यवस्था

नेपाल राष्ट्र बैंकमा खाता नहुने बैंक तथा वित्तीय संस्थाले बोलकबोलमा सहभागी हुन चाहेमा तोकिएको खातामा अर्नेष्ट मनी वापतको रकम जम्मा गर्ने र Online मार्फत बोल गरी अर्नेष्ट मनी भौचर राष्ट्र ऋण व्यवस्थापन विभाग वा नेपाल राष्ट्र बैंकका उपत्यका बाहिरका कार्यालयहरूमा तोकिएको समयभित्र पेश गर्नु पर्दछ । बाँडफाँटमा सफल भएको अवस्थामा बाँकी रकम पनि अर्नेष्ट मनी जम्मा गरेकै खातामा जम्मा गरी तोकिएको समयभित्र भौचर पेश गर्नुपर्ने व्यवस्था छ ।

## Online System बाट बोल गर्दा विशेष ख्याल गर्नुपर्ने विषयहरू

(क) बोल गर्दा मूल्यमा गर्ने कि ब्याजदरमा गर्ने भन्ने यकिन गरेपछि मात्र Bid Data System मा Input गर्नुपर्दछ ।

(ख) Bid Submit गर्नु भन्दा पहिले माग रकमका साथै बोलमूल्य वा बोल ब्याजदर यकिन गरि Approve गरेपछि मात्र Submit गर्नुपर्दछ ।

(ग) Bid Submit भइसकेपछि Edit वा Delete गर्न मिल्ने Option नभएकोले Submit गर्नु भन्दा पूर्व नै यकिन साथ Inputed Bid Data रूजु गर्नुपर्दछ ।

(घ) उपरोक्त कुराहरूमा ध्यान नपुऱ्याई Bid Data Submit हुन गएको खण्डमा उत्पन्न हुने जुनसुकै परिणामको जिम्मेवार सम्बन्धित Bid कर्ता संस्था नै हुनुपर्दछ ।

***

## अनुसूची– १

# आ.व.२०७२/०७३ का लागि बजार निर्माताको इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूको नामावली

| क्र.स. | बैंक तथा वित्तीय संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १. | माछापुच्छ्रे बैंक लि. | लाजिम्पाट, काठमाडौं |
| २. | लुम्बिनी बैंक लि. | नक्साल, काठमाडौं |
| ३. | प्रभु बैंक लि. | अनामनगर, काठमाडा |
| ४. | सनराईज बैंक लि. | गैह्रिधारा, काठमाडौं |
| ५. | नविल बैंक लि. | दरबार मार्ग, काठमाडौं |
| ६. | जनता बैंक नेपाल लि. | शंखमुल मार्ग, काठमाडौं |
| ७. | मेगा बैंक नेपाल लि. | कान्तिपथ, काठमाडौं |
| ८. | लक्ष्मी बैंक लि. | हात्तिसार, काठमाडौं |
| ९. | सिटिजन्स् बैंक इन्टरनेशनल लि. | कमलादी, काठमाडौं |
| १०. | एनआईसी एशिया बैंक लि. | थापाथली, काठमाडौं |
| ११. | सिद्धार्थ बैंक लि. | हात्तिसार, काठमाडौं |
| १२. | कृषि विकास बैंक लि. | रामशाह पथ, काठमाडौं |
| १३. | सिभिल बैंक लि. | कमलादी, काठमाडौं |
| १४. | सानिमा बैंक लि. | नक्साल, काठमाडौं |
| १५. | एनएमवि बैंक लि. | अनामनगर, काठमाडौं |
| १६. | सेन्चुरी कमर्सियल बैंक लि. | पुतलीसडक, काठमाडौं |
| १७. | एनवि बैंक लि. | विजुली बजार, |
| १८. | रिलायवल डेभलपमेण्ट बैंक लि. | ज्ञानेश्वर, काठमाडौं |
| १९. | साँग्रिला डेभलपमेण्ट बैंक लि. | बालुवाटार, काठमाडौं |
| २०. | भार्गव विकास बैंक लि. | सुर्खेत रोड, नेपालगञ्ज |
| २१. | मालिका विकास बैंक लि. | धनगढी, कैलाली |
| २२. | काष्टमण्डप डेभलपमेण्ट बैंक लि. | न्यूरोड, काठमाडौं |
| २३. | एनडिइपी डेभलपमेण्ट बैंक लि. | कमलादी, काठमाडौं |
| २४. | सुप्रिम डेभलपमेण्ट बैंक लि. | सुविधानगर, काठमाडौं |

| | | |
|---|---|---|
| २५. | मुक्तिनाथ विकास बैंक लि. | पृथ्वीचोक, पोखरा |
| २६. | एपेक्स डेभलपमेण्ट बैंक लि. | हात्तिसार, काठमाडौं |
| २७. | एस डेभलपमेण्ट बैंक लि. | नक्साल, काठमाडौं |
| २८. | त्रिवेणी विकास बैंक लि. | भरतपुर, चितवन |
| २९. | सहयोगी विकास बैंक लि. | विद्यापतिचोक, जनकपुर |
| ३०. | विराटलक्ष्मी विकास बैंक लि. | हिमालय रोड,विराटनगर |
| ३१. | क्लिन इनर्जि डेभलपमेण्ट बैंक लि. | सितापाईला, काठमाडौं |
| ३२. | बागमती डेभलपमेण्ट बैंक लि. | हरिवन, सर्लाही |
| ३३. | इन्फ्रास्ट्रक्चर डेभलपमेण्ट बैंक लि. | घण्टाघर, काठमाडौं |
| ३४. | इन्टरनेशनल डेभलपमेण्ट बैंक लि. | टेकु, काठमाडौं |
| ३५. | एनआईडिसी डेभलपमेण्ट बैंक लि. | दरवारमार्ग, काठमाडौं |
| ३६. | साझा विकास बैंक लि. | धनगढी, कैलाली |
| ३७. | पश्चिमाञ्चल डेभलपमेण्ट बैंक लि. | बुटवल, रूपन्देही |
| ३८. | कैलास विकास बैंक लि. | पुतलीसडक, काठमाडौं |
| ३९. | सिटी डेभलपमेण्ट बैंक लि. | चिप्लेढुङ्गा,, पोखरा |
| ४०. | जेविल्स फाइनान्स लि. | न्यूरोड, काठमाडौं |
| ४१. | युनिक फाइनान्स लि. | पुतलीसडक, काठमाडौं |
| ४२. | गुडविल फाइनान्स लि. | हात्तिसार, काठमाडौं |
| ४३. | नेपाल एक्सप्रेस फाइनान्स लि. | सुन्धारा, काठमाडौं |
| ४४. | सगरमाथा मर्चेण्ट बैंकिङ एण्ड फा. लि. | मानभवन, ललितपुर |
| ४५. | गुहेश्वरी मर्चेण्ट एण्ड फाइनान्स लि. | पुल्चोक, ललितपुर |
| ४६. | आईसीएफसी फाइनान्स लि. | भाटभटेनी, काठमाडौं |
| ४७. | नागरिक लगानी कोष | नयाँ बानेश्वर, काठमाडौं |

## अनुसूची – २

## आ.व.२०७२/०७३ को लागि इजाजतपत्रप्राप्त बिक्री एजेण्टहरूको नामावली

| क्र.सं. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | सेञ्चुरी कमर्सियल बैंक लि. | काठमाडौं |
| २ | सेवा रेमिट प्रा.लि. | काठमाडौं |
| ३ | सनराईज बैंक लि. | काठमाडौं |
| ४ | आइएमइ लि. | काठमाडौं |
| ५ | प्रभु मनी ट्रान्सफर प्रा.लि. | काठमाडौं |
| ६ | सिटि एक्सप्रेस मनी ट्रान्सफर प्रा.लि. | काठमाडौं |
| ७ | प्रभु बैंक लि. | काठमाडौं |
| ८ | सानिमा बैंक लि. | काठमाडौं |

सुझावको लागि

# नेपाल राष्ट्र बैंक

## राष्ट्रऋण व्यवस्थापन विभाग


थापाथली, काठमाडौं

फोन नं. ०१-४१०१७३७/ ०१-४१०१७३९

ईमेल : pdm@nrb.org.np


**(प्राप्त सुझावहरूलाई समावेश गरी यस पुस्तिकालाई परिमार्जन गरिने छ ।)**

**विस्तृत जानकारीको लागि**

## नेपाल राष्ट्र बैंक

### राष्ट्रऋण व्यवस्थापन विभाग

थापाथली, काठमाडौं

फोन नम्बर : ०१-४१०१७३९, फ्याक्स नम्बर: ०१-४१०१७४१

वेवसाईट : www.nrb.org.np, इमेल ठेगाना: pdm@nrb.org.np